# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

फागुण पूर्णिमा



धर्मकीर्तिको निःशुल्क [illegible] को एक झलक

DHARMAKIRTI

वर्ष- १९ अङ्क- ११ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# बहुजन हिताय र धर्मप्रचार

गौतम बुद्धले प्राप्त गर्नु भएको ज्ञान, धर्म अर्थात् शिक्षा प्रचारार्थ उहाँले पहिला भिक्षुसंघ गठन गर्नुभयो । त्यसपछि ती भिक्षुहरूलाई तीन महिनासम्म त तालिम दिनुभयो । अनि मात्र बहुजन हितायको लागि धर्म प्रचार गराउन ती भिक्षुहरूलाई विभिन्न गाउँ र नगरहरूमा खटाएर पठाउनु भयो । यसरी बहुजन हितायको उद्देश्य राखी धर्म प्रचार गराउनको लागि ती भिक्षु संघलाई बुद्धले के कस्तो शिक्षा दिई तालिम दिनु भएको होला त ? यस विषयमा हाम्रो ध्यान जान आवश्यक देखिन्छ ।

सबभन्दा पहिले शाक्य मुनि बुद्धले भिक्षुहरूलाई तालिम दिनु भएको शिक्षा त आर्य अष्टाङ्गिक मार्ग नै हो । यसमा बुद्ध शिक्षाको प्रमुख अङ्ग शील, समाधि र प्रज्ञा समाविष्ट रहेको छ । तैपनि आर्य अष्टाङ्गिक मार्गमा सबभन्दा पहिला प्रज्ञाको कुरो आउँछ । किनभने सम्यक दृष्टि (ठीक समझदारी) अर्थात् सत्य तथ्य बुझ्न नसकी दृष्टि बाङ्गो भएसम्म त्यस व्यक्तिले ठीक बाटोमा हिंड्न सक्दैन । अर्को कुरो सम्यक संकल्प (ठीक सोचाई) अर्थात् नियत राम्रो भएन भने कुनै पनि व्यक्तिले गरेको काम सफल हुन सक्दैन र नतीजा राम्रो हुँदैन ।

त्यसपछि पालो आउँछ शील-सम्यक वचन , सम्यक कर्म र सम्यक आजीविका । अर्को शब्दमा भन्ने हो भने हाम्रो बोली वचन ठीक हुनुपर्छ, काम निर्दोष हुनुपर्छ । र जीविका शुद्ध हुनुपर्छ ।

बुद्धको बहुजन हितायको अर्थले असल र इमान्दार मानिसहरूलाई औंल्याएको छ । मानिसको बोली वचन अनुसार काम पनि राम्रो र इमान्दारी हुनुपर्छ । यसको साथसाथै जीविका पनि निर्दोष हुनुपर्छ । इमान्दार र असल मानिसहरू बीच कुनै प्रकारको अशान्ति र अविश्वासको कुरो उठ्दैन ।

भिक्षुहरूलाई बुद्धले दिनु भएको शिक्षाहरू मध्ये दोश्रो महत्त्वपूर्ण शिक्षा हो सेवाभाव । अर्को अर्थमा भन्ने हो भने सेवक र निस्वार्थी बन्नु नै एक असल व्यक्तिको कर्तव्य हो । त्यसैले पहिला सेवक बन्ने र पछि मात्र मालिक बन्नु ठीक हुनेछ । वास्तवमा आफ्नो मालिक त आफै हो । बुद्ध शिक्षाको मुख्य उद्देश्य नै मानिसलाई असल मानिस बनाउनु हो । आजभोली त विद्वान र ठूला बडा मात्र भएर के गर्नु ? नियत नै बेठिक भएपछि । धेरैजसो व्यक्तिको मनमा स्वार्थी भावना र तृष्णाले जरो गाडेको देखिन्छ । फलस्वरूप जताततै अशान्ति नै अशान्ति, उन्नतिको ठाउँमा अवनती र विकासको ठाउँमा पतन ।

त्यसैले धर्मको ज्ञान मात्र भएर पनि फुदो रहेनछ । ज्ञान सिके जस्तै ज्ञानी पनि हुनु पर्‍यो नि । धर्म प्रचार भन्ने वित्तिकै पुस्तक छाप्ने, प्रवचन दिने र स्वास्थ्य सेवा पुर्‍याउने आदि कार्य गरेर मात्र कहाँ पुग्छ र ! प्रमुख कुरो त आफूले सिकेको शिक्षालाई आफैले प्रयोग गरी असल मानिस बन्नुपर्‍यो । बुद्ध शिक्षाको बहुजन हिताय बहुजन सुखायको अर्थ यही हो । त्यसैले हामीमा सैद्धान्तिक ज्ञान मात्र भएर पुग्दैन, आफ्नो बानी व्यवहार पनि राम्रो पार्नु परेको छ । धर्म बारे ज्ञान हुनु अर्कै, बोध भई ज्ञानी बन्नु अर्कै कुरो हो । तर शुद्ध ज्ञान नभएकोले होला धर्मको विषयमा वाद विवाद र साम्प्रदायिकता देखिन थालेको छ । असल मानिस बनाउनको लागि नै बुद्धले शील अर्थात् असल आचरण विषयमा शिक्षा दिनुभएको थियो । बहुजन हितायको मुख्य अर्थ नै यही हो भन्ने धर्मकीर्तिको धारणा रहेको छ ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरु
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**FEBRUARY 2002**

| वर्ष- १९ | अङ्क- ११ | सि पुन्ही | फागुण २०५८ |
|---|---|---|---|




★ सम्यक् वचन- १) झूठो न बोल्नु, २) चुकली नगर्नु, ३) कठोर वचन नबोल्नु, ४) न चाहिंदो कुरा नगर्नु ।

सम्यक जीवन- इमान्दारीपूर्वक जीविका चलाउनु ।

तलका मिथ्या आजीवबाट टाढा रहनु नै सम्यक् जीवन हो ।

१) शस्त्र अस्त्र व्यापार गर्नु, २) मान्छे र पशु व्यापार गर्नु

३) प्राणी मारेर मासु व्यापार गर्नु, ४) रक्सी व्यापार गर्नु

५) विष व्यापार गर्नु ।

★★★

★ चार ब्रह्म विहार - असल किसिमले चार अंगले परिपूर्ण भई पवित्र जीवन जिउनुलाई चार ब्रह्म विहार वा चतु ब्रह्म विहार भनिन्छ । यिनीहरु हुन् - १) मैत्री (=मित्रता) २) करुणा (=दया) ३) मुदिता (=अरुको सुख र उन्नतिमा खुशी हुनु) ४) उपेक्षा (=तटस्थ भाव राख्नु)

# धम्मपद–१४६

– **रीना तुलाधर,** 'परियत्ति सद्धम्म कोविद'

**पथब्या एकरज्जेन-सग्गस्स गमनेन वा,**
**सब्बलोकाधिपच्चेन-सोतापत्ति फल वरं ।**

अर्थ- सम्पूर्ण पृथ्वीको राज्य गर्नुभन्दा पनि, स्वर्गमा जानुभन्दा पनि, सम्पूर्ण लोकको अधिपति बन्नु भन्दा पनि स्रोतापत्ति फल नै उत्तम छ ।

*घटना-* उपरोक्त गाथा गौतम बुद्धले अनाथपिण्डिक महाजनका छोरा कालको कारणमा भन्नु भएको थियो ।

भगवान् बुद्धको समयमा अपार श्रद्धा भएका अनाथपिण्डिक महाजनका पुत्र काल भने बुद्ध, धर्म र संघमा अलिकति पनि श्रद्धा भाव राख्दैनथे, आफ्नो घरमा गौतम बुद्ध सहित भिक्षु संघ आउनु हुँदा एकपल्ट दर्शन गर्ने वा वन्दना गर्ने सम्म पनि गर्दैनथे । अनाथपिण्डिक महाजनलाई आफ्नो छोराको चाला देखेर सँधै पीर हुन्थ्यो । कसरी आफ्नो छोराको मन धर्मतिर तान्ने भनीकन चिन्ता लिईरहन्थ्यो ।

एकदिन महाजनको मनमा एउटा बुद्धि खेल्यो । काललाई एक दिन विहारमा गएर उपोसथ व्रत पालन गरेर आएमा एक सय सुनको सिक्का रुपियाँ दिन्छु भनेर धनको लोभ देखायो । पैसा पाउने लोभले त्यस दिन काल विहारमा गएर उपोसथ-व्रत पालन गर्न गए । उसलाई विहारमा धर्म देशनाको कुनै मतलब थिएन । एक कुनामा मस्तीले सुतेर रात काटेर भोलिपल्ट घर फर्के । घरमा पुग्ने बित्तिकै महाजनले व्रत बसेर आएका छोरालाई भोक लाग्यो होला भनेर हत्त न पत्त स्वादिष्ट खानाहरू अगाडि ल्याउन दियो । कालले "मलाई खाना चाहिन्न । मेरो पैसा देऊ" भनेर पैसा मागेर लियो ।

भोलिपल्ट बाबुचाहिँ अनाथपिण्डिकले अर्को चलाकी गरे । "आज पनि विहारमा गएर उपोसथ-व्रत बसेर शाक्यमुनि बुद्धले दिनु भएको धर्मदेशनाको कमसे कम एउटा गाथा याद गरेर मलाई भन्न आए म एक सयको ठाउँमा एक हजार रुपियाँ दिनेछु" भनेर छोरालाई फकाए । काल पनि पैसाको लोभमा त्यस दिन पनि विहारमा गएर उपोसथ व्रत बस्न गए ।

विहारमा पुगेपछि भगवान् बुद्धसमक्ष गएर "आज मैले केही न केही सिकेर जानुपर्छ' भनी बिन्ति गरे । तथागत बुद्धले सबै कुरा जान्नु भएको थियो । काललाई बुद्धले छोटो एउटा गाथा सुनाएर याद गर भन्नु भयो । तर काललाई भने सम्झन नसक्ने बनाइदिनु भयो । कालले त्यो गाथा खूब मन लगाएर पढे । तर याद भने गर्न सकेन । एउटा गाथालाई याद गर्ने प्रयासमा धेरै चोटी दोहराई पढीरहँदा कालले त्यस गाथाको पूर्ण माने पनि बुझ्न सक्यो । यसरी धर्मको सही माने बुझेर त्यहीं नै कालले स्रोतापति मार्गफल प्राप्त गरे ।

भोलिपल्ट भगवान् बुद्ध र भिक्षु संघसँगै काल आफ्नो घरमा फर्के । त्यस दिन कालले मनमनै चाहे कि त्यस दिन भगवान् बुद्धको अगाडि आफ्ना बाबुले पैसा दिन नआइदिए हुन्छ । मात्र पैसाको लोभले उपोसथ व्रत पालन गरेको भगवान् बुद्ध र भिक्षु संघले थाहा पाएमा आफूलाई ज्यादै लाज लाग्ने भयो भनी उसलाई पीर पऱ्यो ।

घरमा पुगेपछि अनाथपिण्डिक महाजनले भगवान बुद्ध सहित भिक्षु संघलाई भोजन दान दिए र काललाई पनि खान दिए । खुवाउन सिधिएपछि महाजनले साँच्चै नै सबैको सामू काललाई एक हजार रुपियाँ दिन ल्यायो । सबैले आफ्नो कुरा थाहा पाएकोले काल लाजले चूर भयो र पैसा लिन मानेन । बाबु चाहिँले पैसा लिनको लागि जोर गऱ्यो तर उसले पैसा लिन कतै मानेन ।

आफ्नो छोराको यो बदलिएको चाला देखेर महाजनले भगवान् बुद्धसँग सोधे- "भो शास्ता । आज मेरो छोराको स्वभाव बदलिएको छ । हिजो सम्म पैसाको लोभमा उपोसथ व्रत बसेर फर्केर आएपछि खाना नै नखाईकन पैसा नि पहिले मागीरहेको थियो । आज भने पैसा छुन पनि मानेन ।" तथागत बुद्धले भन्नु भयो-"हे महाजन ! आज उसले धर्मलाईबुझेर स्रोतापति मार्गमा प्रतिष्ठित भईसके । तिम्रा छोराले चक्रवर्ति सम्पत्ति होस् वा देव ब्रह्हलोकको सम्पत्ति होस् त्यो भन्दा पनि अति उच्चकोटिको स्रोतापति फल प्राप्त गरीसके ।"

यसरी आज्ञा भएर बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■



Downloaded from http://www.dhamma.digital

*[Aseed-South Asia द्वारा आयोजित त्रि.वि. नेपअ केन्द्र (CNAS) को सभाकक्षामा २०५८।५।८ का दिन सम्पन्न एकदिने बौद्धअध्ययन सम्बन्धि विचार गोष्ठिमा प्रस्तुत कार्यपत्र ]*

# बौद्ध दर्शनको विकास: एक समीक्षा

✍ जगमान गुरुङ

प्राक्कथन,

जगतको दु:खको कारण बुझेको र त्यस दु:खको कारणको निराकरणको उपाय पनि जानेको व्यक्ति बुद्ध कहलाउँदछ। यसैगरी बुद्धसँग सम्बन्धित धर्म र दर्शनलाई बौद्ध धर्म र दर्शन भनिन्छ। 'दृश्यते इति दर्शनम्' यस उक्ति अनुसार दृष्टिगत वस्तुप्रतिको अनुभूत दृष्टिकोणनै दर्शन हो। यसरी वस्तुप्रतिको दृष्टिकोण फरक परेपछि दार्शनिक चिन्तन, मनन र सिद्धान्तमा पनि फरक पर्न आउँछ। यसैले गर्दा विभिन्न दार्शनिक सिद्धान्तहरूको विकास भएको हो। 'बौद्ध दर्शनको विकास: एक समीक्षा' भनेर यस कार्यपत्रको व्यापक शीर्षक राखिएतापनि यस कार्यपत्रमा शाक्यमुनि बुद्धद्वारा प्रतिपादित र त्यसपछि विकशित बौद्ध दर्शनका सिद्धान्तहरू मध्ये बौद्ध दर्शनको दृष्टिकोणमा जगत भनेको के हो र निर्वाणको अवस्था कस्तो हुन्छ भन्ने विषयमा मात्र सिमित रहेर उपरोक्त दार्शनिक सिद्धान्तको विकास क्रमको मात्र संक्षिप्त समीक्षा गरिएको छ।

### शाक्यमुनि बुद्धको दृष्टिमा जगत के हो ?

शाक्यमुनि बुद्धले यस जगतलाई भौतिक पदार्थहरूको संयोजनबाट बनेको एउटा अनित्य वस्तु मानेका छन्। बुद्धको दृष्टिमा यो अनित्य जगत र यस प्रतिको आशक्ति नै दु:ख हो। प्रतीत्यसमुत्पाद अर्थात् कुनै पनि वस्तु स्वत:स्वयं उत्पन्न नभएर कुनै एउटा वस्तुको उपस्थितिको कारणबाट अर्को वस्तु उत्पन्न हुन्छ भन्ने कार्य-कारण भावको सिद्धान्त नै बौद्ध दर्शनको आधार भूत सिद्धान्त हो। बुद्धले अविद्यालाई दु:खको कारण मानेका छन्। अत: दु:ख कार्य र अविद्या चाहिँ कारण हो अविद्याबाट मोह उत्पन्न हुन्छ र मोहले गर्दा मानिसले शरीरलाई नै आफू भन्ने ठान्दछ। यसरी शरीरको वशमा परेपछि तृष्णा उत्पन्न हुन्छ। तृष्णा तीन प्रकारका छन्-

१) काम तृष्णा – इन्द्रियजन्य विषय वस्तुलाई भोग गर्ने इच्छा।

२) भव तृष्णा – जगतमा नै सुख निहित छ भन्ने ठानेर फेरि पनि जगतमा जन्मेर सुख भोग गर्ने इच्छा।

३) विभव तृष्णा – जगत सुखमय छ तर जगत भने नाशवान् छ भन्ने ठानेर जगत नाशहुनु भन्दा पहिलेनै हर तरहले जगतको सुख भोग गर्ने इच्छा।

यसरी मानिसले तृष्णा द्वारा प्रेरित भएर कर्म गर्दछ र आ-आफ्नो कर्मको फल भोग्न फेरि फेरि पनि उसले यस जगतमा जन्म लिन्छ। जबसम्म मानिसको तृष्णाजन्य कर्मद्वारा प्राप्त गरेको क्लेशको क्षय हुँदैन, तबसम्म जन्मने र मर्ने यो भवचक्रको क्रम चलिनै रहन्छ। शाक्यमुनि बुद्धले प्रतीत्यसमुत्पाद र चतु:आर्य सत्यको माध्यम द्वारा जगत र अविद्याको विश्लेषण गरेर त्यसबाट पार पाउनको लागि आर्य अष्टाङ्गिक मार्ग देखाउनु भएको छ। गौतम बुद्धका अनुसार सम्यक् समाधिको अवस्था मा पुगेपछि अर्थात् यो जगत अनित्य र नाशवान् छ भन्ने कुरामा चित्त स्थिर भएपछि त्यसबाट प्रज्ञा उत्पन्न हुन्छ। प्रज्ञा पनि तीन प्रकारका छन्, जस्तै–

१) श्रुतमयीप्रज्ञा – प्राप्त प्रमाणहरूबाट उत्पन्न प्रज्ञा (सुनेको र पढेको आधारमा प्राप्त प्रज्ञा)

२) चिन्तामयी प्रज्ञा – युत्तिबाट उत्पन्न प्रज्ञा। (आफ्नो मगजले चिन्तन मनन गर्न सक्ने प्रज्ञा)

३) भावनामयी प्रज्ञा – समाधि अथवा चित्तको एकाग्रता-बाट उत्पन्न प्रज्ञा। (आफैले अभ्यास गरी अनुभव गर्ने प्रज्ञा)

यसमा पनि श्रुतमयीप्रज्ञा र चिन्तामयी प्रज्ञाबाट भावनामयीप्रज्ञा उत्पन्न हुन्छ र त्यसबाट कामास्रव, भवास्रव र अविद्यास्रवको विनाश हुन्छ। यसरी सम्यक् समाधिबाट प्रज्ञाको उदय भएर इन्द्रियजन्य विषयवस्तुको भोगगर्ने इच्छा-कामा-स्रव; जगतको सुखभोगगर्न फेरि पनि जगतमा जन्मने इच्छा भवास्रव र अज्ञान एवं मोह अविद्यास्रवको विनाश भएपछि निर्वाणे प्राप्त हुन्छ र निर्वाण प्राप्त गर्नु नै बौद्ध दर्शनको अन्तिम लक्ष्य हो।

### शाक्यमुनि बुद्धको महापरिनिर्वाण पछि बौद्ध दर्शनमा विकशित जगत प्रतिको अवधारण

शाक्यमुनि बुद्धले अकथनीय अथवा अव्याकृत भनेका कतिपय कुराहरूलाई वहाँ पछिका दार्शनिकहरूले त्यसलाई आ-आफ्ना ढंगले प्रष्टपार्न खोजेका छन्, जस्तै महायान बौद्ध दर्शनले शून्यतालाई नै प्रतीत्यसमुत्पादन मानेका छन्। किनभने शून्यताबाटनै समस्त जगतको सृष्टि हुन्छ, शून्यतामा गएर नै जगतको लय हुन्छ र शून्यतानै निर्वाणको कारण हो, भन्ने महायानको दार्शनिक सिद्धान्त छ। महायान दर्शनले जगतलाई

संवृतिसत्य अथवा मोह र शुन्यतालाई परमार्थसत्य अथवा वास्तविकता मानेको छ । यसैगरी महायान दर्शनले केवल पुद्गत नैरात्म्य अथवा अनात्मवाद मात्र नभएर धर्म नैरात्म्य अथवा पदार्थ अथवा वस्तु वा जगतको सत्तालाई नै मानेको छैन । अर्को कुरा जगत दु:खमय छ तापनि आफ्नो बोधिसत्वचर्याबाट दु:खमय जगतलाई सुखमय बनाउने महान् आदर्श महायान बौद्ध दर्शनको छ । बोधिसत्व चर्यावतारको यस उक्तिबाट यो कुरा राम्ररी स्पष्ट हुन्छ, जस्तै– यत्किञ्चिज्जगतो दु:ख तत् सर्वमयि पच्यताम् बोधिसत्वशुभै: सर्वैर्जगत् सुखतमस्तु च ॥ (यस जगतमा जति पनि दु:ख छन्, ती सबैलाई मैले पचाउन सकुँ र मेरो बोधिसत्वचर्याबाट समस्त जगत् सुखि होओस्) ।

*(बोधिचर्यावतार, परिणामना परिच्छेद, स्वामी, १९८८: ४३३) ॥*

त्यसपछि महायानले जुन तत्वलाई शून्यता भनेको छ, त्यही तत्वलाई बज्रयानले बज्र भनेको छ । अद्धयवज्रसंग्रहको यस उक्तिबाट यो कुरा राम्ररी स्पष्ट हुन्छ, जस्तै–दृढ सारमसंशीर्यमच्छेद्याभेदलक्षणम् । अदाहि अविनाशी च शून्यता बज्रमुच्यते ॥ (बडो अचल; ठोस; तोड्न र फोड्न नसकिने; प्वाल पार्न नसकिने; छुट्याएर अलग पार्न नसकिने; आगोले जलाउन नसकिने र नाश भएर नजाने गुण भएको शुन्यतालाई बज्र भनिन्छ ।) *(अद्वयबज्रसंग्रह, सेकतान्वय संग्रह, शास्त्री, १९२७,२७) ॥*

यसरी बज्रयानले शून्यतालाई बज्र र बोधिसत्वलाई बज्रसत्वका अर्थमा व्याख्या गरेको पाइन्छ । 'बज्रेण शून्यता प्रोक्ता सत्वेन ज्ञानमात्रतो' यस उक्तिबाट अझ यो कुरा राम्ररी स्पष्ट हुन्छ । बज्रयानले यस जगतलाई सुर, असुर, नर, तिर्यक योनि, प्रेत र नर क यी छ लोकमा विभाजन गरेको छ र आर्यावलोकितेश्वरको उपासनाद्वारा उपरोक्त छ लोकका षट्गतिलाई भवचक्रबाट मुक्तगर्ने उपाय पनि सजाएको छ । अर्को कुरा महायानले दु:खमय जगतलाई आफ्नो बोधिसत्वचर्याद्वारा सुखमय बनाउन चाहे भने बज्रयानले तन्त्र साधनाद्वारा प्रकृति अथवा जगतलाई आफ्नो अनुकुलमा पारेर जगतलाई सुखमय बनाउने पद्धति प्रतिपादन गरेको छ । यसरी शाक्यमुनि बुद्धले अनित्य र दु:ख भनेको यस जगतलाई महायान र बज्रयानले आफ्नो बोधिसत्वचर्या र तन्त्र साधनाद्वारा सुखमा परिणत गरेर जगतलाई भोगगर्ने र अन्तमा त्यसबाट निर्वाण प्राप्त गर्ने दार्शनिक सिद्धान्तको विकास गरेको पाइन्छ ।

**निर्वाणको अवस्था प्रति शाक्यमुनि बुद्धको अवधारणा**

शाक्यमुनि बुद्धका दश अकथनीय अथवा अव्याकृत कुराहरूमा निर्वाण पछिको अवस्था पनि एउटा हो । शाक्यमुनि बुद्धले नचाँहिदो कुरा भनेर निर्वाण पछिको अवस्थालाई प्रष्ट पारेका छैनन् । निर्वाण शब्दको अर्थ निभ्नु हो । जसरी तेल छउन्जेल दीयो बलिरहन्छ र तेल सिद्धिएपछि दीयो पनि स्वत: निभ्दछ, त्यसैगरी कर्मको क्लेश बाँकी रहुन्जेल मानिसले यस जगतमा जन्मलिई रहन्छ र क्लेशक्षय भएपछि भवचक्रबाट पार हुन्छ अथवा उसको जन्मने र मर्ने क्रमको अन्त्य हुन्छ । जसरी तेल सकिएर निभेको दीयोको सत्ता कहाँ गएर लीन हुन्छ भनेर भन्न सकिंदैन, त्यसैगरी क्लेशक्षय भएर निर्वाण प्राप्त गरेको व्यक्तिको सत्ता पनि कहाँ गएर लीन हुन्छ भनेर भन्न सकिंदैन । निर्वाणता केवल उनको दु:ख निरोध अथवा आवागमन वा जन्म र मृत्युको क्रमको अन्त हुन मात्र हो ।

**निर्वाणको अवस्था प्रति परवर्ती अवधारणा**

शाक्यमुनि बुद्धले निर्वाणको अवस्थालाई अकथनीय भनेर व्याख्या नगरेतापनि महायानी दार्शनिकहरूले निर्वाण केवल दु:ख निरोध अथवा दु:खबाट पार भएको अवस्था मात्र नभएर महा सुखको अवस्था हो भनेर अर्थ्याएका छन् । यसो भएर नै सुखावती व्युह र सुखावती भुवनको अवधारणा विकास भएको हो । यसरी महायानले भाव अभाव विर्निमुक्त शून्य अवस्थामा प्राप्त हुने महासुखलाई निर्वाण मानेको छ । महायानले निर्वाणलाई 'महासुख' शब्द प्रयोग गरेको छ भने बज्रयानले चाही 'शंवर' शब्द प्रयोग गरेको छ । यसमा शं भनेको सुख र वर भनेको महा हो । अर्को अर्थमा राग गएर शून्यमा विलय हुने रागशून्य अवस्थालाई वज्रयानले शंवर अथवा निर्वाण मानेको छ । यसो भएरनै वज्रयानसम्म आइपुगे पछि समन्तभद्र र समन्तभद्री, शंवर र वज्रवाराही, हे वज्र र नैरात्मा, बज्रकील र सर्वबुद्धडाकिनी आदि देवी देवताका सपरित आसनका युगनद्ध मुर्तिहरूको माध्यमद्वारा निर्वाण सम्बन्धी अवधारणालाई मुर्तरूपमा प्रदर्शन गर्ने परम्पराको विकास भएको हो । यसरी भगवान् शाक्यमुनी बुद्धले निर्वाणलाई आवागमन अथवा जन्म मरण क्रमको अन्त्य र दु:ख निरोध मानेका थिए भने परवर्ती अवस्थामा महायान र वज्रयानले निर्वाणलाई दु:ख निरोधको साथै महासुखको अवस्था पनि मानेको बुझिन्छ ।

*[लेखक त्रिभुवन विश्वविद्यालय, नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुरमा नेपाली संस्कृति विषयको सह प्राध्यापक हुनुहुन्छ - सं.]*

*[सन्दर्भ- बौद्ध धर्म दर्शन, आचार्य नरेन्द्रदेव 'बुद्ध वचन' तमु वर्ष ४ अङ्क ४ बौद्ध धर्मके विकासका इतिहास, पाण्डेय गोविन्द चन्द्र अद्धय संग्रह, ओरिन्टल इन्स्टिच्युट, शास्त्री हरप्रसाद बौद्ध दर्शन, राहुलसांकृत्यायन बोधि चर्यावतार, बौद्ध भारती, वाराणसी, स्वामी द्वारिका दास शास्त्री Indian Buddhism, WARDER, A.K.]*



Downloaded from http://www.dhamma.digital

# विविधतामा एकता

विश्वका विभिन्न देशमा छरिएर रहेका बौद्ध महिलाहरूको सक्रियतामा एउटा अन्तर्राष्ट्रिय सम्मेलन सन् १९८७ मा भारतको बुद्धगयामा सम्पन्न भएको थियो। शाक्यमुनिले बुद्धत्व प्राप्त गरेको त्यस ठाउँमा उपस्थित सहभागीहरूले समाजमा महिलाहरूको समान अवसर पाउन बौद्ध महिलाहरूको भूमिका विषय गहन छलफल भएको थियो । गौतम बुद्धका छोरी भन्ने भावार्थमा यस संस्थाको नामाकरण 'शाक्य धिता' राखिएको हो । करिव २९ करोड बौद्ध अनुयायी रहेको अनुमानित आजको विश्वमा शाक्यधिताको सदस्य संख्या १८०० नाघेको छ ।

संसारको विभिन्न देश उत्तर अमेरिका, पश्चिमी मूलुक श्रीलंका, सिङ्गापुर, थाइल्याण्ड, नेपाल र भारतमा शाक्यधिताका शाखाहरू खोलिएका छन् । हरेक दुई वर्षमा समाजका समसामयिक तथा सामाजिक आवश्यकता तथा महिला समस्यामा केन्द्रित रही अन्तराष्ट्रिय सम्मेलन आयोजना गरी आएको छ । बुद्धगया पछि थाइल्याण्ड, श्रीलंका, लद्दाखमा र कम्बोडीयामा गरी हालसम्म पाँचवटा सम्मेलन सम्पन्न भैसकेको छ । यसमा बुद्धकालीन समाजमा महिलाहरूको भूमिका तथा स्थितिबारे केलाई विवेचना गरी आजको समय सापेक्ष रूपमा दिगो विस्तार गर्न नयाँ सोच र कार्यक्रमको विषयमा अन्तरक्रिया भएको थियो ।

कम्बोडीयाको प्रख्यात विहारमा सम्पन्न पाँचौ सम्मेलनमा विभिन्न २४ देशका १२५ भिक्षु-भिक्षुणी तथा उपासिकाहरूको सहभागिता रहेको थियो । कम्बोडीयाका महारानीबाट उद्घाटन भएको उक्त सम्मेलनमा २५ वर्षको युद्धले कम्बोडीयाली समाजमा परेको गतिरोध तथा नयाँ समाज निर्माणमा बौद्ध महिलाहरूको सक्रियतालाई प्रमुखता दिएको थियो । यस सम्मेलनको विषय "बौद्ध समाजमा विविधता र एकता" भन्ने थियो । सम्मेलनमा आपसि छलफल तथा अन्तरक्रियामा बढि जोड दिइएको थियो । पूर्वी र पश्चिमी मूलुकहरूमा बुद्ध धर्म अवलम्बन गरेका महिलाहरूको आ-आफ्ना समाजमा विद्यमान आ-आफ्ना परम्परा र मान्यतामा गम्भीर छलफल भएको थियो । अब आउने नयाँ शताब्दीमा बुद्ध धर्मबाट समाजमा विशेषत: महिला तथा बाल-बालिकाहरूमा कसरी न्याय दिलाउन सकिन्छ भन्ने कुरामा जोड दिइएको थियो । बुद्धले नारी र पुरुषमा भौतिक कार्यको आधारमा कुनै भेद नराखेको कुरालाई यस सम्मेलनले विशेष जोड दिएको थियो । साथै बुद्धद्वारा उपदेशित आठ विशेष नियममा व्यापक छलफल गरियो । संसारमा महिला मुक्तिको लागि बुद्धले नै सर्वप्रथम क्रान्तीकारी आवाज उठाएका हुन् । उनको भनाइमा स्त्री र पुरुषमा ज्ञान (चेतना) र आध्यत्मिकतामा कुनै अन्तर छैन । प्राकृतिक रूपमा पनि महिला-पुरुष बीच कुनै भिन्नता पाइँदैन । महिलाहरूलाई हेरिने नकारात्मक दृष्टि तथा प्रजननक्रियामा मात्र सीमित राखी शिक्षा तथा स्वास्थ्य जस्ता आधारभूत सुविधाबाट वञ्चित भैरहनुपर्ने वाध्यताका साथ-साथै धार्मिक कार्यमा लाग्ने महिलावर्ग प्रति गरिने प्रतिकूल व्यवहारबारे पनि सम्मेलनमा विस्तृत छलफल भएको थियो । संसारको विभिन्न भागमा रहेका सबै बुद्ध धर्मावलम्बी महिलाहरूको भेला गराइ एक अर्कामा विचारको आदान-प्रदानबाट समस्त महिलावर्गको कल्याणका उपायको खोजी नै शाक्यधिताको प्रमुख उद्देश्य हो । बौद्ध महिलाहरूको यस आन्दोलन नारी अधिकारमा मात्र सीमित नरही महिलाहरूको आध्यात्मिक विकास कसरी गर्न सकिन्छ भन्ने पनि भएको छ । अन्तमा यो कुरा भन्न सकिन्छ कि, बुद्धधर्ममा आस्था एवं विश्वास राख्ने महिलाहरू आपसमा संगठित भयो भने विश्वमा नै ठूलो परिवर्तन ल्याउन सकिन्छ । सामाजिक मान्यता, धार्मिक उन्नति, आर्थिक समानता र राजनीतिक अधिकार प्राप्त गर्नको लागि शिक्षाको विकास हुनु जरुरी छ । विचार, साहस, एकता र सहिष्णुता गुणले युक्त सचेत महिलावर्गले संसारका बहुसंख्यिक महिलाहरूलाई यस क्षेत्रमा जागरूक बनाउन सक्ने छन् । आध्यात्मिक विकासका साथै आफ्नो अस्तित्व प्रति सचेत बौद्ध महिलाहरूले विश्वमा शान्ति ल्याउने सन्देश पुऱ्याउन सक्ने छन् । अत: महिलावर्गलाई जागृत गराई उनीहरूको नैतिक मनोवल उत्थान गरी समान अवसर र सामाजिक न्यायको वातावरण सिर्जना गर्ने काममा आपसमा सहयोग र सद्भाव अभिवृद्धि गर्न सके सुन्दर संसार निर्माण गर्न ऐतिहासिक योगदान पुग्ने छ । यसमा सबैको सहयोग अपेक्षित छ । ■

★ *श्रोतापन्न (= पक्कै निर्वाण प्राप्त गर्ने) हुनलाई तलका अङ्गहरूले पूर्ण हुनु अत्यावश्यक छ–*

**(१) सत्पुरुषहरूको संगत (२) धर्म कथा सुन्नु (३) सम्यक् दृष्टि (=उचित प्रज्ञा) (४) पुण्य संस्कार**

★ *विभिन्न चरित्रहरू विभन्न अवस्थामा जान्न सकिन्छन् जुन यसप्रकार छन्–*

**शील– सँगै संगत गरेर जानिन्छ; शुचिता (=पवित्रता)– व्यवहारबाट जानिन्छ; सहनशीलता– आपत्तिमा जानिन्छ; प्रज्ञा– चर्चा (=छलफल) बाट जानिन्छ ।**

# दुःखबाट मुक्ति र निर्वाण

सहभागी-

यहाँहरूको छलफल कार्यक्रम धेरै ज्ञानवर्द्धक लाग्यो मलाई । त्यसैले आज मैले यहाँहरू समक्ष एउटा जिज्ञासा लिएर आएको छु । मलाई लाग्छ यो मेरो जिज्ञासा यहाँहरूको छलफल कार्यक्रमको राय अनुसार विपरित विषय पनि बन्न सक्छ । किनभने यहाँहरूको राय अनुसार निर्वाण सुख (मुक्ति) प्राप्त गर्नका लागि आफुले गरिआएका पुण्यकार्यहरूको फललाई आशा राख्न नहुने रहेछ । तर यो कुरा भने मलाई चित्त बुझ्दैन । सायद यहाँहरूको विचारलाई मैले राम्ररी बुझ्न नसकिरहेको पनि हुन सक्छ । हुनत म उच्च स्तरीय तहमा काम गर्ने एक सरकारी कर्मचारी हुँ । जातले म ब्राह्मण हुँ । मेरो विचार अनुसार आफूले गरेका पुण्य कार्यहरूबाट प्राप्त हुने फलको आशा राख्नु न्यायोचित नै हो । यदि फलको आशा राख्न नहुने नै हो भने त साधारण व्यक्तिहरूले पुण्य कर्म गर्ने तर्फ जाँगर राख्ने नै छैन नि । किनभने धेरैजसो मानिसहरूले आफूलाई पछि राम्रो फल र राम्रो नतीजा भोग्न पाउने इच्छा र आशा राखेर नै पुण्य कर्म गरिरहेका हुन्छन् । फलको आशा राख्न नै हुन्न भन्यो भने त कसले पुण्य कर्म गर्ला र ? राम्रो कार्य गराउन प्रलोभन त देखाउनु नै पर्छ मेरो विचारमा । हाम्रो भागवत् गीतामा पनि "निष्काम" शब्द उल्लेख गरिएको पाइन्छ । मेरो विचारमा यो निष्काम शब्दले पनि पुण्य फलको आशा नराखीकन पुण्य गर्नु पर्छ भनि राखेको जस्तो लाग्छ । त्यसैले मलाई यी दुवै धारणाहरूले चित्त बुझाउन सकिराखेको छैन । मलाई तपाइँहरूले यो कुरा प्रष्ट पारि दिनु पर्‍यो- के निर्वाण भन्ने कुनै एक अलग्ग स्थान होइन र ? अर्थात् निर्वाण भन्ने कुनै एक अलग्ग ठाउँ छैन ?

आयोजक-

नयाँ सहभागीज्यू तपाइँलाई हाम्रो तर्फबाट स्वागत र धन्यवाद पनि छ । तपाइँले ज्यादै गम्भिर र बुद्धको मूल सिद्धान्त विषयमा प्रश्न गर्नुभयो । यस विषयमा हामीलाई पनि त्यति राम्रो ज्ञान त छैन । तपाइँले भने जस्तै यो विषय बुझ्न त्यति सजिलो छैन पनि । यथार्थ ज्ञान नभएपनि हामीले अध्ययन गरेनुसार र पुस्तकको आधार लिई हामीले बुझाउन खोज्नेछौं ।

बुद्धले भन्नुभएको थियो- "मैले दुईवटा कुरा भन्ने गर्छु- दु:ख र दु:खबाट मुक्ति ।" दु:खबाट मुक्ति भन्नाले निर्वाणलाई बुझाउने गर्छ । दु:खको प्रमुख कारण नै तृष्णा र आसक्ति हो । त्यसैले कुनै पनि वस्तुमा तृष्णा र आसक्ति रहेसम्म दु:खबाट मुक्त हुन सक्दैन । फलस्वरूप निर्वाण सुख प्राप्त गर्न सक्दैन । बारम्बार जन्म लिनुपर्ने नै दु:ख हो । त्यसैले जन्म नै लिनु नपर्ने कार्य गर्नु नै बुद्ध शिक्षा हो । फल भोग्ने आशा राखी पुण्य कर्म गर्‍यो भने फेरि फेरि जन्म लिनु पर्ने हुन्छ । त्यसैले जन्म लिनु पर्ने प्रमुख कारण नै फल भोग्ने आशा हुन जान्छ । त्यसैले निर्वाण सुख प्राप्त गर्नको लागि पाप र पुण्य (धर्म) को नाश हुनुपर्छ । किनभने पाप गरेपनि नराम्रो फल भोग्नै पर्छ, पुण्य गरेपनि राम्रो फल भोग्नै पर्छ । अर्थात् आफुले आशा राखी जुन काम गरे पनि त्यसको संस्कार बन्छ । फेरि फेरि जन्म लिनुपर्ने प्रमुख कारण यही हो ।

बुद्ध शिक्षानुसार पुण्य कर्म गर्ने चेतना मनमा उत्पन्न हुनासाथ कुशल चेतना जन्मिन्छ । त्यस चेतना संगै उसलाई राम्रो फल प्राप्त हुने भयो । शुद्ध चेतनाले गरेको पुण्य त प्राप्त हुने नै भयो । तर फलको आशा राखेको खण्डमा लोभ चेतना हुने भयो । अनि शुद्ध धर्म कसरी हुन्छ र ? दान दिनु र अरुलाई सहयोग गर्नु भनेको मनुष्य धर्म र कर्त्तव्य नै भयो । अरहन्त र निक्लेशी व्यक्तिले पनि पुण्य कर्म गरिरहेकै हुन्छन् । तर उनीहरूले आफ्नो कर्मको फल भोग्ने आशा चाहिं राख्दैनन् । तर आफ्नो कर्त्तव्य थानी सेवकको रूपमा काम गर्न सकेको खण्डमा आफैलाई मानसिक शान्ति र अनुभव प्राप्त भइहाल्छ नि । आजभोलि संसारमा जति पनि अशान्ति मच्चिरहेका छन्, ती सबैको कारणहरू सेवाभाव र निस्वार्थ भावको कमीले गर्दा नै हुन् ।

दु:खबाट मुक्त हुनका लागि हामीसंग दुईवटा गुणधर्महरू हुन आवश्यक छ भनी बुद्धले भन्नु भएको छ । ती यसरी छन्- अरूले आफुलाई चित्त दुख्ने गरी केही कुरा भनेको छ वा कसैले आफुलाई चित्त नबुझ्ने तरीकाले कुनै पनि काम गरेको छ भने पनि त्यसलाई बिर्सने अभ्यास गर्नु पर्छ । त्यसलाई बारम्बार सम्झी



Downloaded from http://www.dhamma.digital

आफ्नो मनमा बदलाको भावना जगाउनु मूर्खतापूर्ण कार्य ठहरिनेछ । यस्तो बानीले आफूमा मानसिक अशान्ति सृजना गरिदिनेछ । त्यसरी नै आफूले अरूलाई कुनै मद्दत वा सहयोग गरेको छ भने त्यसलाई पनि बिर्सिदिने बानि बसाल्नु पर्छ । यस्तो गर्न सकेन भने आफूले गरेको पुरूषार्थपूर्णकार्य सम्भँदै विस्तारै आफुमा घमण्डीपनाले जरो गाड्न थाल्नेछ । तर यी बेकारका बितीसकेका कुराहरूलाई विर्सिदिने बानी बसाल्न सकियो भने मात्र आफ्नो मनमा शान्ति र आनन्दले स्थान लिई नचाहिने दु:ख र भण्भटहरू बिस्तारै हटेर जानेछन् ।

बुद्धले भन्नुभएको छ- आफूले जुनसुकै पुण्य कार्य गर्दा पनि दु:ख नाश गर्ने मनसाय लिई त्यस कार्य गर्नुपर्छ । सुखको आशा राखेर होइन । हाम्रो विचारमा बुद्धको यस शिक्षाले तपाईंलाई चित्त बुझाउन सकेको छैन जस्तो छ होइन ?

तपाईंले प्रश्न उठाउनु भएको छ, "निर्वाण भन्ने कुनै एक अलग्ग स्थान छ कि छैन ?" भनेर ! जहाँ सम्म हाम्रो अध्ययनबाट हामीले बुझ्न सकेका छौं त्यसको आधारमा हामीले यसरी भन्न सक्छौं - निर्वाण भन्ने अलग्ग अर्को स्थान छैन । उदान भन्ने एक पुस्तकमा यसरी उल्लेख गरिएको पाइन्छ-

**यत्थ आपो च पठवी, तेजो वायो न गाधति,**
**न तत्थ सुक्का जोतन्ति आदिच्चो नप्पकासति ॥**
**न तत्थ चन्दिमा भाति, तमो तत्थ न विज्जति ।**
**यदा च अत्तनावेदि मुनिमोनेन ब्राह्मणो ।**
**अथ रुपा अरुपा च सुख दुक्खा पमुच्चति ॥**

अर्थ-

जहाँ जल, पृथ्वी, वायु वा अग्नि हुँदैन, त्यहाँ न तारा हुन्छ न सूर्य नै हुन्छ । त्यहाँ चन्द्रमा पनि उदाउँदैन न त अन्धकार नै रहन्छ । जुनबेला क्षीणाश्रव भिक्षुले आफूले आफैलाई साक्षात्कार गर्छ, चिन्नेछ, त्यसवेला मात्र रूप अरूप र सुख दु:खबाट मुक्ति पाइनेछ ।

*"निरोगी हुनु परम लाभ हो, विश्वास सबभन्दा ठूलो बन्धु हो, दु:खबाट मुक्त भएको निर्वाण परम सुख हो ।" - धम्मपद*

वर्तमान जीवन निष्कलंक बनाई आनन्दपूर्वक रहन सक्नु नै निर्वाण हो । त्यसैले निर्वाण भनेको चित्तको निर्मलता, निष्कलंक र अरूलाई आफुसमान व्यवहार गर्न सक्ने निश्वार्थ भावना हो । निर्वाण अवस्था त आ-आफ्नै चित्तमा जगाउने एक माध्यम मात्र हो । यो कुनै शक्तिशाली अदृश्य स्थानलाई जनाइएको होइन । निर्वाण भनेको यहाँबाट मृत्यु भइसकेपछि अलग्ग एक आनन्दमय स्थानमा जन्म लिन जाने अवस्थालाई भनिएको होइन । निर्वाणबारे हामीलाई थाहा भएको ज्ञान यति नै हो । हामीले सोच्दै नसोचेको प्रश्न तपाईंले उठाउनु भयो । धन्यवाद छ यहाँलाई ।

सहभागी-

कुरा त राम्रै हो, तैपनि निर्वाण विषयमा जति पनि तपाईंहरूले जानकारी दिनु भयो, ती कुराहरूले मलाई अझ पनि चित्त बुझाउन सकेको छैन । यदि निर्वाण भन्ने अलग्ग स्थान नै छैन भने मलाई निर्वाण प्राप्त गर्ने लालसा पनि रहेन । आफुले पुण्य कर्म गरे जस्तै त्यसको सुखभोग पनि गर्न पाए मात्र त्यो कुरो चित्त बुझ्दछ । मलाई हतार पनि छ । त्यसैले आजलाई बिदा लिदैछु ।

नयाँ सहभागीको कुरो सुनेर अरू सहभागीहरू पक्क परेर बसिरहे । कसैले भन्न थाले- आज त निक्कै गम्भिर विषयमा छलफल भइयो । तर बुद्धको वास्तविक शिक्षा त बुझ्नै गाऱ्हो रहेछ । आजको छलफल सुन्दा त धेरैजसो बुद्ध मार्गीहरू नाउँ मात्रको बुद्ध अनुयायी रहेछन् जस्तो लाग्यो । त्यसैले होला नेपाल बुद्धको जन्मथलो भएपनि यही देशमा बुद्धमार्गीहरूको संख्या कम देखाइएको । बुद्धलाई गुरु मानिरहेपनि कतिपय शिष्यहरूले आफ्नो गुरुले सिकाउनुभएको ज्ञानलाई ठीक तरिकाले बुझ्न कोशिस नै गरेका छैनन् । आफ्नै तरीकाले फल चाख्ने आशा गर्दै दगुरिरेहका छन् धेरै जसो । अनि कहाँबाट निर्वाणको अर्थ बुझोस् ? कसरी दु:खबाट मुक्ति पाउन सकोस् ?

**ध्यानकुटी बाल आश्रमलाई सहयोग-**

(१) **बोधिरत्न शाक्य** ललितपुरबाट - रु. ५००/-
(२) **रामकृष्ण वैद्य** भक्तपुरबाट - रु. ५००/-
(३) **गणेशमान श्रेष्ठ** भक्तपुरबाट - रु. ५००/-

# इतिहास-२

– प्रकाश वज्राचार्य

यसरी बुद्ध परिनिर्वाणको सय वर्षपछि भिक्षु संघ स्थविरवाद र महासांघिकमा विभक्त भए। स्थविरवाद वा थेरवाद हीनयानको मूल स्वरूप हो । महासांघिकबाट महायान सम्प्रदायको विकास भयो । महासांघिक सम्प्रदाय आफै १२ औं शताव्दीमा लुप्त हुन गयो । यहाँनिर महासांघिकको आचार्य भिक्षु महादेवको विषयमा केही भन्नु आवश्यक छ । भिक्षु महादेव, महायान अनुसार, स्वयं अर्हत् थिए। थेरवादीहरू भिक्षु महादेवलाई अति नै हीन भिक्षु (आमासँग सुत्ने, बाबु मार्ने)" को रूपमा प्रस्तुत गर्दछन् । भिक्षु महादेवले अर्हत् सम्बन्धि आफ्नो नौलो विचारधारा प्रस्तुत गरेका थिए । तसर्थ भन्न सकिन्छ कि दोस्रो संगायनाको कारण भिक्षु विनयमात्र नभई दार्शनिक विवाद "(अर्हत् सम्बन्धि)" पनि थियो । भिक्षु महादेवका पाँच सिद्धान्तहरूले गर्दा थेरवाद र महासांघिक बीच मतभेद चर्केको कुरा स्वयं थेरवादले पनि स्वीकार गरेको छ। भिक्षु महादेव अनुसार अर्हत्ले आफू अर्हत् भइसकेको थाहा नहुन सक्दछ, थाहा नपाएर पाप गर्न सक्दछ र अर्हत्मा शंका बाँकि रहन सक्दछ। थेरवादीहरूको अर्हत्को अवधारणामा यो ठूलो आक्रमण थियो किनकि उनीहरूको आदर्श पुरुष - अर्हत् - पूर्ण रूपले क्लेश मुक्त, पाप मुक्त, संस्कार मुक्त व्यक्ति थियो। हुन त थेरवादी साहित्यले स्पष्ट हुन्छ कि "अर्हत" संस्कार विहिन हुँदैनन् । भिक्षु सारिपुत्र स्वयं पनि आफ्नो संस्कारको कारण कुनै पनि सानो खाल्डोलाई उफ्रेर जाने स्वभावका थिए ।

अर्हत्को सम्बन्धमा केही कुराको विचार गर्नु उपयुक्त होला, किनकि महायान, वज्रयान आदिको विकासमा पनि "अर्हत्" को विषयले महत्वपूर्ण भूमिका निभाएको छ । अर्हत् वा अरहन्त त्यो व्यक्ति हो जो दु:खबाट पूर्णतया मुक्त भइसकेको छ, सांसारिक बन्धनबाट अलग्ग भइसकेको छ। बुद्धभन्दा पहिले पनि अर्हत् शब्दको प्रयोग हुन्थ्यो र सो शब्दले प्रकृतिको पूर्ण ज्ञान प्राप्त गरिसकेका, सांसारिक बन्धनबाट पूर्ण रूपले मुक्त भइसकेका व्यक्तिलाई जनाउँथ्यो । बौद्ध परिभाषा अनुसार अर्हत् त्यो व्यक्ति हो जसले पुन: अर्को जन्म लिदैन, जो दु:खबाट मुक्त भइसकेको छ । अर्हत् क्लेशमुक्त व्यक्ति हो। अर्हत्बाट कुनै अकुशल कर्म हुन सकिदैन। अर्हत् निर्वाण प्राप्त व्यक्ति हो ।

कुनै पनि व्यक्ति क्लेशबाट मुक्त भइसकेपछि अर्हत् हुने हुनाले र क्लेश स्वयं मानसिक अवस्था मात्र हुनाले को व्यक्ति अर्हत हो को होइन, सोको जाँच गर्नु अति कठीन छ । जो व्यक्ति क्लेश मुक्त छ, अर्हत् छ, उसले आफैले आफू अर्हत् भएको घोषणा गर्दैन । किनकि त्यसो गर्नाले उसको घमण्डिपनाको, जुन एक किसिमको क्लेश नै हो, प्रकाशन गरेको हुन्छ। हुन त क्लेश रहित भइसक्दा पनि अर्हत्ले आफ्नो उद्‌गार व्यक्त गर्न सक्दछ जसका कतिपय उदाहरण थेरवादी साहित्यहरू थेरगाथा र थेरीगाथामा पाइन्छन्, तर अरूलाई आफू अर्हत् भइसकें भनी हिंड्नुलाई निको मानिदैन । क्लेशमुक्त अवस्था पूर्णत: मानसिक क्रिया हो, अन्य व्यक्तिले यसको अवबोध गर्न सक्दैन । अब प्रश्न उठ्दछ कि अर्हत् आफैले कसैलाई आफू अर्हत् भएको व्यक्त गर्दै हिंड्दैन र अरूले अर्हत्लाई उसको व्यवहार हेरेर बाहेक अरू कुनै साधनबाट ऊ अर्हत् हो भनी किटान गर्न सकिदैन भने सच्चा अर्हत्लाई चिन्ने नै कसरी ? अति श्रद्धाको कारण भनिन्छ कि अर्हत्हरू भार विहिन हुन्छन् र हिंड्दा कुल्चिएको घाँस पनि दोब्रिदैन ! तर यी साक्ष्यहरू मात्र श्रद्धावश हुन, ठोस तथ्य होइनन् । हामी पाउँछौं कि बुद्धकै पालोमा पनि कतिपय व्यक्तिहरू अर्हत् हुन् वा होइनन् भन्नेमा विवाद हुने गर्दथ्यो र बुद्ध स्वयंले त्यसको समाधान गर्नु हुन्थ्यो । अर्हत्को मनोदशा र स्वभावबारे अर्हत् बाहेक अरूले (क्लेश मुक्त नहुनेले) व्यक्त पनि गर्न सकिदैन भने अर्हत्को सत्य विवरण कसरी पेश गर्न सकिन्छ त ? त्यसैले दोस्रो संगायनाको बेला अर्हत्बारे विवाद उठ्नु अस्वाभाविक थिएन ।

थेरवादमा बुद्धकालीन प्रसिद्ध भिक्षुहरूको ब्राहुल्यता थियो । सारिपुत्र थेरवादका आधारस्तम्भ थिए। थेरवादीहरू सारिपुत्रलाई अत्याधिक महत्व दिन्छन् । बुद्धका अति प्रिय भिक्षु सारिपुत्रलाई बुद्धधर्मको प्रधान सेनापतिको रूपमा प्रस्तुत गरिन्छ। हुन त बुद्धभन्दा केही महिना अगाडि नै सारिपुत्रको परिनिर्वाण भएको थियो, तर पनि भिक्षु संघमा उनको विचारधाराले जवरजस्त प्रभाव पारेको थियो। सारिपुत्रले आफ्नो जीवन नवयुवक भिक्षुहरूलाई शिक्षा दिनमा व्यतित गरेका थिए ।



Downloaded from http://www.dhamma.digital

सारिपुत्रको प्रभावले गर्दा थेरवादीहरूको प्रमुख लक्ष्य अर्हत्पद प्राप्त गर्नु हुन गयो। सारिपुत्रको विचारधाराको विरोध स्वरूप कसरी महायानको विकास भयो, सो कुराको छलफल पछि गरिने छ। शील, समाधि र प्रज्ञालाई थेरवादीहरू मुक्तिको मार्ग मान्दछन्। स्पष्ट छ यसले प्रज्ञालाई बढी महत्व दिन्छ र यो ज्ञान मार्ग हो। सारिपुत्र प्रज्ञामा सर्वश्रेष्ठ मानिन्छ।

भिक्षु महाकाश्यपको विचारधाराले पनि भिक्षु संघलाई प्रभाव पारेको थियो। महाकाशयपले नै बुद्धको परिनिर्वाण पछि उहाँका उपदेश र नियमहरूको सम्पादन गरिएको संगायनाको अध्यक्षता सम्हालेका थिए। महाकाश्यप पहिले कट्टर ब्राह्मण थिए र उनी कट्टरता रूचाउँथे। बुद्धको सरल मध्यममार्गी विचारधारा- बाट उनी त्यति प्रभावित थिएनन्। संघका अतिवादी भिक्षुहरू महाकाश्यपबाट प्रभावित थिए। तिनीहरू १३ कट्टर नियमहरूको पालन गर्नमा जोड दिन्थे। तिनीहरू नलेटिकन सुत्दथे, जङ्गल र मसानमा एकान्त बस्दथे। वर्तमानमा पनि यी कट्टर नियमलाई महत्व दिने भिक्षुहरू छन्।

भिक्षु महाकात्यायनले अवन्ति (गुजरात) मा धर्म प्रचार गर्नमा आफ्नो जीवन बिताएका थिए। बुद्ध परिनिर्वाणको करिब १५० वर्षपछि अवन्तिमा सम्मतिय नामक थेरवादी सम्प्रदायको उदय भयो। सम्मितियहरू विश्वास गर्दथे कि जीवभित्र एक "अहं" हुन्छ जसलाई उनीहरूले "पुद्गल" भने। "पुद्गल" धेरै हदसम्म ब्राह्मणहरूको "आत्मा" सरह हो तर "पुद्गल" लाई उनीहरू अशाश्वत मान्थे। उनीहरू मान्थे कि अर्हत् भइसकेको व्यक्ति पछि अर्हत् नहुन सक्छ र गृहस्थहरू पनि अर्हत् हुन सक्छन्। सम्मितिय मात्रै त्यो सम्प्रदाय हो जसले आत्मालाई एक किसिमले मान्यता दिएको थियो। सम्मितियको आत्मवाद धारणालाई बुद्धको मूल अनात्मावादी सिद्धान्तबाट मार्ग भ्रष्ट भएको मानिनु पर्दछ किनकि हालसम्म प्राप्त सबै प्रकारका बौद्ध साहित्यहरूले "पुद्गल" को धारणालाई कडा आलोचना गरेको छ। यो तथ्यलाई बुझ्नु आवश्यक छ कि बुद्ध-धर्म अनात्मावादी हो, र आत्मवादी दर्शन वा सम्प्रदायबाट यसको उत्पत्ति भएको मान्नु ठूलो भ्रम हो। कोही कोही कट्टर हिन्दूहरूले भन्ने गरेका कि बुद्ध उपनिषद्बाट प्रभावित थिए, बुद्ध-धर्म वैदिक धर्मको शाखा हो, आदि पूर्णत: गलत छ। बुद्ध-धर्मले अनित्य, परिवर्तनशील, अशाश्वत चित्त (विज्ञान वा मन) लाई मान्दछ। जवकि ब्राह्मणहरू नित्य, अमर, शाश्वत आत्मालाई मान्छन्।

भिक्षु आनन्दबाट प्रभावित बौद्ध सम्प्रदाय सर्वास्तिवादको उदय दोस्रो संगायनाको करिव ५० वर्ष जति पछि भयो। भिक्षु आनन्दको शिष्य मध्यान्तिकले काश्मीरमा र अर्को शिष्य भिक्षु शाणवासीले मथुरामा सर्वास्तिवादको प्रचार गरे। ती दुवैको शिष्य मानिने भिक्षु उपगुप्त सर्वास्तिवादका प्रसिद्धतम गुरु हुन्। उपगुप्त अति नै विद्वान् थिए र उनलाई सर्वास्तिवादीहरू सारिपुत्रलाईभन्दा बढी महत्व दिन्छन्। सर्वास्तिवाद र महायानले भिक्षु उपगुप्तलाई सम्राट् अशोकको धर्म गुरु मान्छन् जुनकि भ्रामक हो। सम्राट् अशोक भिक्षु उपगुप्तभन्दा करिब एक शताब्दी पछिका हुन्।

सर्वास्तिवादीहरूलाई संस्कृती माध्यम हुने थेरवादी मान्न सकिन्छ। कुनै बेला सर्वास्तिवादीहरू अति प्रख्यात भइसकेका थिए। तर १२ औं शताब्दीतिर आएर यो गौरबशाली सम्प्रदाय लुप्त हुनुपऱ्यो। कुनै बेला तिव्बत, चीन आदि देशहरूमा यो लोकप्रिय थियो र ती देशहरूबाट सर्वास्तिवादका महत्वपूर्ण ग्रन्थहरू भेटिएका छन्। भारतमा पनि सर्वास्तिवादीहरू अति प्रभावशाली थिए र कालान्तरमा महायानको विकास हुँदा यसले महायानलाई धेरै प्रभाव पारेको थियो।

मूल थेरवादीहरू मागधि भाषा प्रयोग गर्दथे जुनकि त्यतिबेला सर्वसाधारणको भाषा थियो। संस्कृत विद्वत्जनहरूको भाषा थियो। मागधि भाषामा केही परिवर्तन थपिएपछि कालान्तरमा पालि भाषाको नाउँले प्रख्यात भयो। त्यसैले थेरवादी ग्रन्थहरू पालि भाषामा उपलब्ध छन् जबकि महायानी ग्रन्थहरू संस्कृतमा हुने गर्दछन्। केही ग्रन्थहरू मिश्रित संस्कृतमा पाइन्छ जसलाई "गाथा संस्कृत" भनिन्छ। सायद यो मध्य प्रदेशको भाषा थियो। भाषाको दृष्टिकोणले संस्कृत र पालिमा ठूलो मतभिन्नता पाईदैन।

मूल थेरवादी र सर्वास्तिवादीहरू मात्र भाषाको कारणले विभक्त भएका होइनन्। सर्वास्तिवादीहरू मान्थे कि सबै कुराको अस्तित्व छ (सर्व+अस्ति=सर्वास्ति); शरीर र मन दुवै सत्य हुन्, भूत, भविष्य, वर्तमान सबै सत्य हुन्। थेरवादीहरू वर्तमानको सत्तालाई मात्र सत्य मान्दछन्। अर्हत् सम्बन्धमा पनि यी दुईमा मतभेद छन्। अर्हत् व्यक्ति पुन: अर्हत्बाट पतन हुन सक्दछ भनी सर्वास्तिवादीहरू विश्वास गर्थे।

यसरी विस्तारै बुद्ध-धर्मको क्षेत्र फैलिंदै गयो।

बोधिज्ञान कुनै पनि व्यक्तिले प्राप्त गर्न सकिने हुनाले गौतम बुद्धभन्दा पहिले पनि अरू मनुष्यहरू बुद्ध भइसकेको कुरा प्रचलनमा आयो। गौतम बुद्ध समेत सात बुद्धहरू विश्वमा आइसकेको धारणा बन्यो। ती हुन्– विपश्वी, शिखी, विश्वभू, ऋकुछन्द, कनकमुनि, काश्यप र शाक्यमुनि गौतम बुद्ध। यी मानुषी बुद्धको अवधारणाले सबै बौद्ध सम्प्रदायहरूलाई प्रभाव पार्‍यो।

दोस्रो संगायनाको संरक्षक कालाशोक (नन्दिवर्धन) पछि तेस्रो पुस्तामा (कालाशोक पछि महानन्दी, त्यसपछि महापद्मको पालेमा) मगधमा नन्दिवंशको पतन भयो। नन्दिवंश शक्तिशाली थियो। तिनीहरूको पालोमा मगध भारतवर्षको अति शक्तिशाली राज्य भइसकेको थियो। महापद्म (धनानन्द ?) को शासनकालमा चन्द्रगुप्त नामको मौर्यले मन्त्री चाणक्यको सहायताद्वारा नन्दिवंशको नाश गरेर मगधको सिंहाशनमा कब्जा गरे। त्यो ताका पशिचमबाट ग्रीक सम्राट् सिकंदर (अलेक्जाण्डर) ले धमाधम पूर्वी राज्यहरूलाई जित्दै अगाडि बढिरहेका थिए। तर युवा ग्रीक सम्राट् सिकन्दरले पशिचम-उत्तर भारतलाई जितिसकेपछि आफ्नै सैनिकको विद्रोहको सामना गर्नु पर्‍यो र पुन: आफ्नो मातृभूमि माक्दूनिया फर्कनु पर्‍यो जहाँ केही हिना पछि उनको मृत्यु भयो। तर त्यो घटनाको गहनछाप भारतिय संस्कृतिमा पनि पर्‍यो। करीब तीस इण्डोग्रीक राजाहरूले उत्तर पशिचमी भारतमा शासन गरे, जसमध्ये राजा मिलिन्दले मात्रै भारतीय इतिहासमा अविश्मरणीय छाप छोड्न सक्यो र जसको चर्चा हामी केही क्षण पछि गर्नेछौं।

सम्राट् चन्द्रगुप्त स्वयं सायद जैन थिए। उनको छोरो बिन्दूसार थिए। उनको नाति थिए विश्व प्रसिद्ध सम्राट् अशोक। बुद्ध परिनिर्वाणको दुई शताब्दी पछि सम्राट् अशोकको प्रादुर्भाव भयो। त्यतिबेलासम्म भिक्षु संघ १८ सम्प्रदायहरूमा विभाजन भइसकेको थियो। ती मध्ये थेरवादी तर्फ १२ (जसमा पूर्व उल्लेखित सम्मितिय र सर्वास्तिवाद पनि समावेश छन्) र महासांघिक तर्फ छ सम्प्रदायहरू स्थापित भइसकेको थियो।

त्यतिबेलासम्म बुद्ध-धर्मको ग्रन्थ त्रिपिटकले पूर्ण आकार ग्रहण गरिसकेको थियो। त्रिपिटक बौद्धहरूको आधार ग्रन्थ हो। हिन्दूहरूको वेद, मुस्लिमहरूको कुरान, इसाईहरूको बाइबल सरह त्रिपिटकको संरचना भयो। तर त्रिपिटक अन्य ग्रन्थहरूभन्दा यसकारण भिन्नै छ कि बौद्धहरू त्रिपिटकलाई देवरचित, स्वप्रमाणित मान्दैनन्, यसलाई प्राचीन ऐतिहासिक ग्रन्थ मात्रै मान्दछन्। यहाँनिर पुन: स्मरण गरौं कि बुद्धले आफ्नो शिष्यहरूलाई कुनै पनि ग्रन्थलाई स्वप्रमाणित नमान्ने उपदेश दिनु भएका थिए।

त्रिपिटकको विषयमा केही जानकारी दिनु यो उपयुक्त समय हो। त्रिपिटकको शाब्दिक अर्थ हो– तीन टोकरी। त्रिपिटकमा बुद्धको उपदेशलाई तीन प्रमुख ग्रन्थहरूमा विभाजित गरिएको छ; यथा सूत्र पिटक, विनय पिटक र अभिधर्म पिटक। सूत्र पिटकमा बुद्धका उपदेशहरू समाहित छन् ती मध्ये लामा धटनाहरू 'दिघ निकाय' मा, मझौला घटनाहरू 'मज्झिम निकाय' मा, छोटो उपदेशहरू 'संयुक्त निकाय'मा, एकदेखि एघार सम्म गणना गर्न सकिने छोटो उपदेशहरू 'अंगुत्तर निकाय'मा, र अन्य सानातिना उपदेश तथा घटनाहरू 'खुद्दक निकाय' (जसमा धम्मपद, जातक, उदान, सुत्त निपात आदि समावेश छन्) मा संपादन गरिएको छ। विनय पिटकमा भिक्षु र भिक्षुणी संघका नियम, र ती नियमहरू कुन परिस्थितिमा प्रतिपादन गर्नु परेको थियो, सो को वर्णन छ। अभिधर्म पिटक पूर्णत: दार्शनिक ग्रन्थ हो र यसमा मन र पदार्थका विभिन्न रूप र सिद्धान्तबारे चर्चा गरिएको छ।

प्रथम संगायनामा धर्म (सूत्र पिटक) र विनय (विनय पिटक) को मात्रै सम्पादन गरिएको हुँदा तेस्रो पिटक (अभिधर्म पिटक) विवादको विषय बनेको छ। थेरवादी परम्परा अनुसार अभिधर्मको उपदेश बुद्धले त्रायतिंश भूवन ("स्वर्ग") मा दिनु भएको थियो। आधुनिक विद्वानहरू यसलाई पत्यार गर्दैनन् र अभिधर्मलाई बुद्धभन्दा पछिल्लो कृति (प्राय:ले यसलाई प्रथम संगायनाको अध्यक्ष भिक्षु महा काश्यपको कृति) मान्दछन्। अभिधर्मका सात विभागहरू मध्ये एक "कथावस्तु" प्रमाणित रूपले सम्राट् अशोकको गुरु भिक्षु तिष्यले रचना गरेका थिए। यहाँनिर यो पनि स्मरणीय छ कि जसरी थेरवादले अभिधर्मलाई त्रायतिंशमा विशेष परिस्थितिमा देशना गरिएको भनी मान्छन्, त्यसरी नै महायानले बुद्धले दोस्रो धर्मचक्र प्रवर्तन राजगृहमा र वज्रयानले तेस्रो धर्मचक्र प्रवर्तन धान्यकटकमा भएको उल्लेख गर्दछ। वस्तुत: आ-आफ्नो सिद्धान्तको प्रतिपादन गर्न सो लाई बुद्धवाचित सिद्ध गर्ने चाहना रहनु स्वाभाविक नै मान्नु पर्दछ।



Downloaded from http://www.dhamma.digital

सायद यही नै समयकालनिर पश्चिमी चीनको खोतनमा ई.पू. २११ तिर राजा विजय सम्भवको पालोमा काश्मीरको भिक्षु वैरोचनले सर्वप्रथम धर्म प्रचार गरे।

अब सम्राट् अशोक (ई.पू. २६९-२२७) को बारे केही चर्चा गरौं। बुद्ध परिनिर्वाणको २१८ वर्षपछि ई.पू. २६५ मा राज्यारोहण भई उनी भारतवर्षका सम्राट् भए। त्यतिबेला पातलिपुत्र (वर्तमान पटना) एक भव्य नगर भइसकेको थियो र पाटलिपुत्र नै अशोकको राजधानी थियो। अशोक पराक्रमी, दुस्साहसी र निर्दयी थिए। उनले आफ्ना भाइहरूलाई मारेर सिंहाशन हडपेका थिए। एक पछि अर्को राज्यहरू जित्दै उनले एक विशाल भारतवर्ष (सायद वर्तमान भारतभन्दा पनि ठूलो) को निर्माण गरे। तर इतिहासमा उनको नाउँ सर्वविजेता राजाको कारणले होइन, सर्वशक्तिमान् धार्मिक राजाको रूपमा स्वर्ण अक्षर मा लेखिएको छ। आफ्नो राज्य विस्तार गर्ने क्रममा कलिंग (उडिया) को युद्ध (ई.पू. २५७) को बेला रणभूमिको विभत्स दृश्य देखी क्रूर सम्राटको हृदय पग्ल्यो। त्यो दिन विजया दशमीको दिन थियो। राज्याभिषेकको चार वर्ष पछि श्रामणेर निग्रोधको उपदेश सुनी उनी बौद्ध भए। उनले आफ्नो बाँकि जीवन धर्म प्रचार र समाज सेवा गर्नमा व्यतित गरे। विभिन्न भूभागबाट अशोकका विभिन्न शिलालेखहरू भेट्टाइएको छ र तिनीहरूको अध्ययन गर्ने आधुनिक इतिहासकार हरू अशोकको कृति देखी चकित भएका छन्। उनी कुशल प्रशासक थिए। उनका प्रशासकीय अधिकृतहरू जनमुखि थिए। अस्पताल र पशु चिकित्सालयको शुरुवात उनले नै गरे। बाटो वरिपरी वृक्ष लगाउने, ठाउँ ठाउँमा इनार, कुवा, आराम गृह, विश्राम गृह बनाउने काम उनले आफ्नो राज्यमा मात्र होइन छिमेकी राज्यहरूमा समेत गरे। छिमेकी राष्ट्रहरूले, ग्रीक अधिनस्थ एसियालि राष्ट्रहरूले पनि, एक किसिमले अशोकको प्रभूता स्वीकार गरेको कुरा शिलालेखले दर्शाउँछ; र तिनीहरू सबैसँग अशोकको अति राम्रो सम्बन्ध थियो। यसरी धर्म-विजयीको रूपमा सम्राट् अशोक विश्व विख्यात भए।

सम्राट् अशोकको पालोमा थुप्रै मानिसहरू लोभ र इर्ष्याको कारणले भिक्षु संघमा प्रवेश गर्न थाले। जसको कारण भिक्षु संघ अशुद्ध भयो र कलह उत्पन्न भयो। भिक्षु संघ १८ सम्प्रदायमा विभाजित भइसकेको हुनाले भिक्षुहरूको एक आपसमा कुरा मिल्दैनथ्यो। भनिन्छ कि नौ वर्षसम्म भिक्षुहरू एकै ठाउँमा भेला भई उपोसथ गर्न सकेनन्। सम्राट् अशोकलाई सो निको लागेन र आफ्नो गुरु भिक्षु मौद्गलि पुत्र तिष्यलाई संघ शुद्ध पार्न आग्रह गरे। भिक्षु तिष्य पहिले एक ब्राह्मण थिए जसलाई भिक्षु भग्गवले विवादमा पराजित गरी बौद्ध बनाएका थिए। भिक्षु तिष्यले भिक्षुहरूसँग बुद्धको दार्शनिक विचारधारको बारेमा अन्तरवार्ता लिए। ती भिक्षुहरू जसले बुद्धलाई 'विभज्जवादी' माने तिनीहरूलाई बाहेक अरू सबैलाई भिक्षु संघबाट निकाला गरिदिए। बुद्धलाई 'विभज्जवादी' मान्नेहरू मूल थेरवादी हुन् र त्यतिबेला निस्कासित भएका भिक्षुहरू (भनिन्छ कि यसको संख्या ६० हजार थियो !) प्रमुखतः सर्वास्तिवादी थिए। त्यसपछि सम्राट् अशोकको संरक्षणमा ई.पू.२४८ मा पाटलिपुत्रमा भिक्षु मौद्गलिपुत्र तिष्यको अध्यक्षतामा मूल थेरवादीहरूको महा अधिवेशन बस्यो जसलाई तेस्रो संगायना भनियो। एक हजार भिक्षुहरूको सहभागिता रहेको सो संगायना नौ महिनासम्म चल्यो। त्यहीनै बेला भिक्षु मौद्गलिपुत्र तिष्यले अन्य बौद्ध सम्प्रदायहरूको दर्शनलाई खण्डन गर्दै 'कथावत्थु' को रचना गरे। तेस्रो संगायनाको निर्णय अनुसार सम्राट् अशोकले विश्वभर बुद्ध-धर्म प्रचार गर्ने निधो गरे। श्रीलङ्का, म्यायन्मार (वर्मा), हिमालय भूभाग, पाकिस्तान, ग्रीक राज्यहरू (मिश्र, सिरिया, आदि) मा बौद्ध भिक्षुहरू धर्म प्रचारार्थ पठाइयो। अशोकको आफ्नै छोरा छोरी भिक्षु महेन्द्र र भिक्षुणी संघमित्रा चाहिं श्रीलंङ्कामा गए र त्यतिबेला देखि नै श्रीलङ्का मूल थेरवादीहरूको केन्द्र बन्यो। त्यतिबेला श्रीलङ्कामा देवानांप्रिय तिष्यको राज्य थियो। उनले बुद्धको अस्तिधातु राखी प्रसिद्ध थुपाराम चैत्यको निर्माण गरे। अशोकले ठाउँ ठाउँमा गरी ८४,००० बौद्ध स्तुपहरू बनाउन लगाए। नेपालका वज्राचार्यहरूको बहालमा पाइने सेता स्तुपहरू यी नै "अशोक स्तुपहरू" हुन्। बुद्ध परिनिर्वाण पछि उहाँको अस्तिधातु राखेर तत्कालीन राजाहरूले जुन स्तूप बनाएका थिए, तिनीहरूलाई सम्राट् अशोकले उत्खनन् गर्न लगाई त्यहाँबाट अस्तिधातु झिक्न लगाए। सायद रामग्राम (वर्तमान परासि, नेपाल) को स्तुप भत्काईएको थिएन। भनिन्छ कि अशोकले आफूले निर्माण गरेका ८४,००० स्तूपहरूमा बुद्धको अस्थिधातु राखेका थिए। वास्तवमा बुद्ध स्वयंले जति बुद्ध-धर्मको प्रचार गरे त्यो भन्दा बढी प्रभावपूर्ण ढङ्गले बुद्ध-धर्म प्रचार गरेको श्रेय सम्राट् अशोकलाई दिइन्छ। *क्रमशः ....*

# कर्म र कर्मफल–३

*- भिक्षु अश्वघोषद्वारा लिखित, भिक्षु संघरक्षितबाट अनुदित*

**धातु चोरेर लगेको कर्मफल :**

श्रीलंकामा भएको पापकर्मको फलभोग गर्नु परेको एउटा-दुईटा घटना यहाँ उल्लखे गरूँ । श्रीलंकाको मातर भन्ने शहरमा महामन्तिन्द नामक भिक्षुहरूको विद्यालय छ । त्यहीं भिक्षु महानाम र यस पंक्तिका लेखकले बुद्ध धर्म अध्ययन गरेका हौं । त्यस विद्यालयमा भगवान् बुद्धको अस्तिधातु छ । एकदिन एकजनाले उक्त अस्तिधातु चोरेर लग्यो । त्यो धातु चोरेर लग्ने व्यक्तिको दयनीय रूपले हाशनाश र पतन भयो । घरका जहान-परिवारहरू त्यसै-त्यसै मरेर गए । त्यो चोर अति भयभीत भयो । त्यहाँका भिक्षु बोधिगुत्त नायक महास्थविर कहाँ पुगेर उसले क्षमा माग्यो र भन्यो- भन्ते, तपाइँले कसैलाई नभन्ने हो भने म एउटा कुरा भन्छु । यहाँको अस्तिधातु मैले चोरेर लगेको हुँ । त्यसबेला देखि हाम्रो घरमा रोगव्याधि मात्र भएर परि वारका कति मानिसहरू मरेर गए । त्यसैले म त्यो धातु फिर्ता ल्याउँछु ।" उसले धातु फिर्ता दिएर गयो । यहाँको यहीं नै पापको विपाक भोग गर्नुपर्ने कर्म देखियो ।

**चैत्य बिगारेर चोरेको कर्मफल :**

श्रीलंकाकै एउटा अर्को घटना छ । एकजनाले चैत्य बिगारेर भित्रको अमूल्य बस्तु चोरेर लग्यो र त्यसकै कारणले गर्दा त्यो व्यक्ति त्यसको जीवितकालमै महारोगी भयो । उसलाई धेरै पश्चाताप भयो । उसले फेरि चैत्यको जीर्णोद्धार गरिदिए पनि रोग शान्त भएन । त्यो चैत्य अति नाम चलेको रहेछ । त्यो व्यक्ति अन्ततः धेरै दुःख भोगेर मर्‍यो पनि । बाँचैकै अवस्थामा पापकर्म को फल उसले नरकको भोग गरी मरेर जानुपर्‍यो ।

फिलिपिन्सका राष्ट्रपति मार्कोसले जनतालाई दुःख दिएकोले जनआन्दोलन भई जनताद्वारा देशनिकाला हुनुपर्‍यो । उसले विदेशमा नै रहेर मरेर जानुपर्‍यो । यो धेरै समय नबित्दैको कुरा थियो । यहाँको यहीं नै फलभोग गरेको यसलाई दिट्ठधम्म-विपाक भनिन्छ । तसर्थ गौतम बुद्ध भन्नुहुन्छ– **"मनसा चे पदुट्ठेन भासति वा करोति वा, ततो नं दुक्खमन्वेति चक्कं व वहतो पदं ।"** अर्थात् नराम्रो भावनाले कुरा गर्दा वा काम गर्दा पनि गोरुको पछाडी गर्‍हुँगो पांग्रा पछि-पछि लागेझैं मानिसमा दुःख पछि-पछि आइराख्छ । त्यसैले चेतना र नियत राम्रो बनाउनु पर्छ, कल्याणकारी रहनुपर्छ ।

**मेरो आफ्नो अनुभवको कुरा :**

अब मेरो आफ्नो र मलाई भएको अनुभवको कुरा अथवा मैले यहाँको यहीं नै फलभोग गरिराखेको एउटा-दुइटा कुरा प्रस्तुत गर्दछु ।

मेरो गुरु पुज्य अमृतानन्द महानायक महास्थविर हुनुहुन्छ । उहाँले मलाई आमा-बुबाले नगरेको उपकार गर्नुभएको छ । बी.ए. सम्म पढाउने व्यवस्था गर्नु भयो तर म बी.ए. परीक्षामा असफल भएँ । मलाई चीन, रूस आदि देशमा पठाउनुभयो । श्रीलंकामा पढ्न पठाउनु भयो । पढिसकेर फर्की म आनन्दकुटी विहार, स्वयम्भूमा केही वर्षमात्र बसें । पछि वहाँलाई छोडेर आएं । वहाँले धेरै बुद्धकालीन पुस्तकहरू लेख्नुभई छाप्नुभएको छ । मैले बुद्धकालीन ब्राह्मण पुस्तक एउटा मात्र प्रकाशन गर्ने कार्यमा सहयोग दिन सकें । आनन्दकुटी विहारबाट प्रकाशित 'आनन्दभूमि' पत्रिकामा जानेजस्तो सम्पादक भएर १६ वर्ष जति काम गरें । पछि त्यसलाई पनि छोडेर काभ्रे-बनेपातिर धर्मप्रचार गर्ने तीव्र मनसायले ध्यानकुटी विहारको स्थापना गरें । धर्मप्रचार कार्यमा पनि लागें । उहाँले नबनाऊ भन्दाभन्दै त्यहाँ विहार बनाएं । त्यसबेला उहाँले भन्नुहुन्थ्यो पछि झन्झट हुनेछ । सांच्चै नै वहाँले भने जस्तो भयो । मैले यहाँ यतिका आफ्ना कुराहरू वर्णन गर्नुको तात्पर्य के हो भने मैले आफ्नो गुरु अमृतानन्द महास्थविरको आज्ञा पालन गरिन । म आनन्दकुटी विहार छोडेर आएं । उहाँको सेवा गर्न पाइन । उहाँ आफ्नो कोठामा आफैं स्यां स्यां आउने गरी कुचो लगाउनुहुन्थ्यो -चार, पाँच दिनको एकपल्ट भएपनि । अब "दत्तले कुचाः मदयेकाः बिचाः" अर्थात् हुन्जेल सम्म बेवास्ता र नभएपनि वास्ता' भनेझैं हुनगयो ।

मैले उहाँ गुरुको कुरा सुनिन, सेवा गर्न पाइन । त्यसै पापकर्मले गर्दा हाल आफ्ना केही शिष्यहरू पनि मैले भनेजस्तो अनुशासित देखिँदैनन् । आनन्दकुटीमा बस्दा गुरुलाई नसोधी नै ताकटुक निर्माणका कार्यहरू गर्थे । यसरी नसोधी काम गर्दा उहाँ गुरुको चित्त दुख्थ्यो । हाल आफ्ना शिष्यहरूले पनि नसोधी कामकार्य



Downloaded from http://www.dhamma.digital

गर्दा विचारमग्न हुन्छु - आफू पनि त गुरुको आज्ञा नलिई काम गर्ने त हूँ, यसै कर्मको फल हाल प्रत्यक्ष भोगिरहनु परेको छ । बनेपास्थित ध्यानकुटी विहारमा पनि भिक्षुहरू छैनन् । टाढा भएर हो वा सुविधा नभएर हो, अष्टमी आदि पर्वहरूको एकदिन पुग्न पनि गाऱ्हो मान्दछन् । एक-दुइजना भिक्षुहरू त कहिले - कहिले पुग्छन् पनि, नपुगेको भने होइन । त्यहाँ गइदिनको लागि भन्न पनि जान्दिन, अऱ्हाउन पनि जान्दिन । सबै धर्मप्रचार-कार्यमा व्यस्त छन् । त्यसैले जिद्दीगर्न पनि सक्तिनं । यी सबै भइराखेको आफ्नो यसै जन्मको कर्म फल नै हो भन्ने ठान्दछु ।

यसका बावजुद पनि केही भएपनि धर्मप्रचार कार्य गरिराखेको भैं. अनुभव गर्छु । हाल आफ्नो गुरु आचार्य भिक्षु अमृतानन्द महास्थविरले भन्नुभएको कुरा सम्भन्छु- "तिमी आनन्दकुटी विहारमा नबसे पनि धर्म प्रचारको कार्यमा अग्रसर छौ ।" यो कुरा स्मरण हुने बेला मन अलि ढुक्क हुन्छ ।

## रोगी भिक्षुको कर्मभोग :

एकदिन गौतम बुद्ध आफ्नो दिनचर्याअनुसार भिक्षुहरू बस्ने कोठाहरू तिर घुम्न जानुभयो । एकजना भिक्षु धेरै बिरामी भई ओछ्यानमै दिसापिसाब गरी अति कष्ट भोगिराखेको थियो । नरकमा बसे भैं । उहाँ गौतम बुद्धले आनन्द भिक्षुको सहयोगमा उक्त बिरामी भिक्षुलाई खाट सहित उचाली चुलो (आगो) मा लग्नुभई चीवर फुकाली धुनु भयो । बिरामी भिक्षुलाई पनि नुहाइदिनु भयो । यसरी सेवा गरिसकेपश्चात् भिक्षुहरूलाई भेला गर्न लगाई सोध्नुभयो- "तिमीहरूका आमा-बुबा कोही पनि छैनन् । तिमीहरूले नै एकापसमा सेवाभाव नराखे कसले तिमीहरूको सेवा गर्न आउला ?........ यो भिक्षु यसरी विरामी भई नरकमा बसे भैं बसिराखेको छ । तिमीहरूले किन वास्ता नगरेको ?"

भिक्षुहरूले जवाफ दिँदै भने- "यो भिक्षुले आफू बलियो भएको बेला अरू कोही भिक्षुहरू असक्त र विरामी हुँदा कति पनि वास्ता गर्दैनथ्यो यसर्थ हामीले पनि उसलाई वास्ता नगरेका हौं ।"

यस घटनाले यही बताउँछ कि आफूले अरूलाई उपकार एवं सहयोग गर्न जानेमा, अरुप्रति सत्कार्य गरेमा मात्र अरूले पनि आफूलाई परेमा उपकार गर्नेछ । यस बिरामी भिक्षुले आफू पनि बिरामी हुनेछ भनी कहिल्यै विचार गरेनन् र अरूलाई वास्ता पनि गरेनन् । त्यसको फल उनले यहीं भोग्नु पऱ्यो । यहाँको यहीं नै कर्मफल भोग गर्नुपर्ने दिट्ठधम्म वेदनीय कम्मको उदाहरण यहीं भयो ।

## पुण्यवान् सीवली भिक्षु

गौतम बुद्धका श्रावक शिष्यहरू अरहन्त भएका धेरै छन् । ती सबै भिक्षुहरूको व्यक्तित्व भने समान छैन । कोही लाभसत्कार प्राप्त हुने भएका छन् त कोही वाक्सिद्धि हुनेहरू छन् । कोही आफूले प्रवचन गरेजस्तै सहनशील हुनेहरू पनि छन् । सबैभन्दा आश्चर्यको कुरा त अरहन्त भएर पनि पेटभरि खान नपाउने एकजना भिक्षु पनि थिए । क्षीणास्रवी, क्लेशरहित अरहन्त भएर पनि यस्तो भोकै कसरी भयो ! यो पनि कर्मफल नै हो । त्यो पेटभरि खान नपाउने अरहन्त भिक्षुको नाम थियो- लोसक । भिक्षु लोसकका परिनिर्वाण अवस्थामा सारिपुत्र महास्थविरले करूणा राख्नुभई नाबालक बच्चालाई ख्वाउने भैं. आफ्नै हातले उनको मुखमा भातको गाँस हालेर पेटभरि ख्वाउनुभयो । तबमात्र उनको परिनिर्वाण (मृत्यु) भयो भन्ने कुरा बौद्ध वाङ्मयमा उल्लिखित छ । अरहन्त भएर पनि कस्तो कर्म उहाँको ! वास्तवमा कर्मफलको कुरा भट्ट बुझ्न सजिलो छैन । त्यसैले शाक्यमुनि बुद्धले भन्नुभयो– कम्म विसयो अचिन्तनिय्यो अर्थात् कर्मको बारेमा चिन्तन गर्नुहुँदैन । चिन्तन गर्दैमा टुंगो पनि लाग्दैन ।

अब अरहन्त भिक्षु सीवली महास्थविरका व्यक्तित्व बारेमा हेरौं । उहाँको जीवनी पनि विचित्रमय देखिन्छ । आमाको गर्भमा ७ बर्षसम्म बसेर आमालाई ७ दिनसम्म मरणान्तिक प्रसूति व्यथा दिएर जन्मेको भनी बौद्ध वाङ्मयमा देखाएको छ । त्यही बालक ७ बर्षको हुँदा सारिपुत्र महास्थविरको आचार्यत्वमा पव्रजित भएको थियो २० वर्षको उमेरमा उपसम्पदा दीक्षा लिई भिक्षु पनि भएको थियो । भिक्षुहरूमध्येमा सबैभन्दा बढी लाभ सत्कार प्राप्त भिक्षु नै उनै सीवली थिए ।

यहाँ प्रश्न उठन सक्छ कि ७ बर्षसम्म आमाको गर्भमा बसी ७ दिनसम्म आमालाई प्रसूतिको व्यथामा पुऱ्याउनु पर्ने पनि कर्मको खेल नै होइन र ! यो भोग आमाको कर्मफल पनि हुनसक्छ, सीवलीको कर्मफल

पनि हुनसक्छ । यो एउटा अध्ययनको विषय हो ।

अर्को बुझ्न गाह्रो कुरा छ, गौतम बुद्धलाई भन्दा सीवली भिक्षुलाई बढी लाभसत्कार प्राप्त हुन्थ्यो । गौतम बुद्ध कहीँ टाढा चारिका गर्न जानुहुँदा खाने-पिउनेको सुलभ नभएको ठाउँमा जानुपर्दा भिक्षु सीवलीलाई लिएर जानुहुन्थ्यो किनभने गौतम बुद्ध स्वयंलाई पनि भिक्षा नमिली धेरैपल्ट भोकै रहनु परेको थियो । भिक्षु सीवलीलाई लिएर जाँदा भने सजिलै भिक्षा प्राप्त हुन्थ्यो । खानामा कुनै दु:ख-कष्ट हुँदैनथ्यो । यसैले पुण्यकर्म गरिराख्नु परेको हो ।

सीवली भिक्षुको जीवनी बारेमा हेर्दैजाँदा उनले अकुशल कार्य पनि गरिराखेको छ कि जस्तो लाग्दछ ताकि ७ वर्षसम्म गर्भमा बस्नुपर्‍यो फेरि आफ्नो गर्भमा ७ वर्षसम्म बसी ७ दिनसम्म प्रसूति वेदना खप्नुपरेको पनि आमाचाहिँकै कर्मफल हो कि जस्तो देखिन्छ । अध्ययन गरी हेर्नुपर्ने कुरा भयो । जे-जस्तो होस्, बेलामा राम्रो काम गरिराख्नु पर्छ, आचरण-व्यवहारमा शुद्ध रहनुपर्छ भन्ने कुरा भने पक्कै पनि सत्य कुरा हो ।

## पानी दिएर उपकार गर्ने एक गाउँले

पहिला पहिलाको कुरा हो । एकदिन गाउँको एकजना मान्छे नगर-नगरमा घुम्दै हिंडिरहेका थिए । एकदिन चन्द्रभागा भन्ने उनी नदीको तीरमा पुगी डुंगामा बसी नदी तर्न अर्को किनारातिर बढिरह्यो । त्यस डुंगामा शहरका धेरै मानिसहरू पनि थिए । त्यसमध्ये एक गर्भवती पनि थिइन् । जाँदाजाँदै खोलाको बीचमा पुग्दा उक्त गर्भवतीलाई प्रसूति-व्यथा भयो । "मलाई अलिकति पानी खुवाउनुहोस्, मेरो बच्चा जन्मन लाग्यो' भन्दै ती महिला आत्तिएर चिच्याउन थालिन् । त्यहाँ कसैले पनि तिनको वास्ता गरेनन् । त्यही गाउँबाट आएका एकजना मान्छेले नदीको पानी लिएर खुवाउनथाल्यो । तिनले सजिलैसित बच्चा जन्माइन् ।

नदीको पारी पुगेपछि तिनले त्यो गाउँलेलाई धन्यवाद दिँदै कृतज्ञता प्रकट गरी आफ्नो घरमा गइन् । त्यो गाउँले व्यक्ति पनि घुम्दै-घुम्दै एउटा पाटीमा बास बस्यो । त्यस दिनमा सुरंग खनेर राजाको ढुकुटीमा प्वाल पारेर धन-सम्पत्ति चोरिएको रहेछ । सैनिकहरूले त्यो कुरा चाल पाई चोरहरूलाई लखेट्न थाले । चोरहरूले त्यही गाउँले व्यक्ति सुतिराखेको पाटीमै सामानहरू छोडी भागे ।

सैनिकहरूले चोरहरू देखेनन्, पाटीमा सामान देखे । त्यही सुतिराखेकोलाई सामानसहित समातेर लगे । साँच्चैको चोरहरू फेला नपरेपछि यही नै चोर हो भनी राजाले उक्त गाउँले व्यक्तिलाई मृत्युदण्डको आज्ञा भयो ।

उसले भन्यो- " म चोर होइन । म यस शहरको पाहुना मात्र हूँ ।" उसको कुरा त्यहाँ कसले सुन्ला र ? गरीबहरूप्रति कहाँको न्याय ? सैनिकहरूले उसलाई राम्रोसँग बाँधेर लग्दै गर्दा त्यही संयोगले डुंगामा बच्चा जन्माउने उही महिलाले झ्यालबाट देखिछ । तिनले उसलाई देख्नासाथ नै आफूलाई पानी ख्वाई उपकार गर्ने धर्मात्मालाई किन बाँधेर कुट्दै लगिराखेको भनी सोध्न गइन् । तिनले सबै बृत्तान्त सुनिसकेपछि त्यहाँ 'एकछिन पर्खनु, म दरबारमा राजाकहाँ एकपल्ट पुगेर आउँछु' भनी गइन् ।

ती महिलालले राजाकहाँ पुगेर बिन्ति गरिन्- "महाराज ! त्यो मृत्युदण्डको लागि लगिएको व्यक्ति चोर होइन उनलाई छोडिबक्सियोस् ।"

राजाले भने- "त्यसको हर्जानामा तिमीले कति पैसा दिन सक्छौ ?"

तिनले भनिन -"महाराज, मसँग पैसा छैन तर मेरा ७ जना छोराहरू छन् । ती सबैका साथ म पनि सर कारको दासी हुन तयार छु ।"

राजाले सोधे- "त्यो व्यक्ति तिम्रो लोग्ने अथवा दाजु को हो ? तिम्रो ऊ संग के सम्बन्ध छ ?"

तिनले भनिन्-"त्यो व्यक्ति मेरो कोही पर्दैन तर, एकदिन म गाउँमा गई डुंगाबाट फर्किरहेको बेला मलाई प्रसूति व्यथा भयो । मलाई साह्रै प्यास लागिराखेको थियो बच्चा जन्माउन सकिराखेकी थिइन् । त्यसबेला डुंगामा बसेको अरु शहरका मानिसहरूले मलाई वास्ता नै गरेनन् । त्यही गाउँले एकजनाले मलाई नदीको पानी ल्याई पिलाउनु भयो । तत्पश्चात्, सजिलै मेरो बच्चा जन्मियो । उसले गरिराखेको राम्रो उपकार भनौं वा धर्म, आज उसको उपकारको लागि म परिवार सहित सरकारको दासी बन्न राजी भएकी छु । महाराज ! त्यो व्यक्ति कदापि चोर हुन सक्दैन कृपागरी उसलाई दण्डमुक्त गरिबक्सियोस् ।"

राजा पनि विवेकबुद्धि सम्पन्न व्यक्ति थिए । त्यस महिलाको बिन्तिभाव एवं यथार्थ कुरा सुनेर राजा प्रसन्न भए । उनले त्यस गाउँले व्यक्तिलाई पनि, महिलालाई



Downloaded from http://www.dhamma.digital

पनि छोडेर पुरस्कार-स्वरूप पैसा पनि दिएर पठाए। यो घटनाले बताउँछ असल कामको राम्रो फल यहाँको यहींनै प्राप्त हुन सकिन्छ। यसैले राम्रो कर्म गर्नुपर्छ, गर्दै रहनुपर्दछ। जसरी राम्रो कर्मको राम्रो फल प्रत्यक्षत: भोग गर्न त्यसैगरी नराम्रो कर्मको नराम्रो विपाक पनि समय नबित्दै आँखाले देखिने किसिमबाट अवश्यमेव भोग गर्नुपर्दछ। भरखरै मात्र अफगानिस्तानले बामियानको लगभग दुई हजार बर्ष पूरानो संसारको सबभन्दा अग्लो बुद्धमूर्ति धेरै मुलुकहरूको बिरोधका बावजुद पनि नष्ट गऱ्यो। विश्वको इतिहासले एउटा ठूलो बौद्ध-सम्पदा गुमाउनु पऱ्यो। आज प्राय: धेरैको मुखमा यही कुरा झुण्डिएको छ कि त्यही बुद्धमूर्ति नष्ट गरेको विपाकस्वरूप अफगानिस्थानले ठूलो संकट, क्षति एवं बर्बरताको सामना गरिराख्नुपरेको छ। अमेरिका जस्तो विकशित मुलुकहरूबाट निरन्तर युद्धको मार खप्नु परेको छ। यो पनि यहाँको यहीं नै फल प्राप्त भएको भगवान् बुद्धद्वारा देशित दिट्ठधम्म वेदनीय कम्म हो भन्न सकिन्छ।

*२. उपपज्ज वेदनीय विपाककम्म*

उपपज्ज वेदनीय विपाककम्म भन्नाले मृत्यु भएर गइसकेपछि अर्को जन्ममा फलभोग गर्नुपर्ने कर्मफल भन्ने बुझिन्छ। अर्को किसिमले भन्नुपर्दा आमा-बबाबुले गरिराखेको कर्मको फल छोरा-छोरीहरूले भोग गर्नुपर्ने हुन्छ। आफ्ना माता-पिताले धनसम्पत्ति आर्जन गरिराखेको भए सन्ततिहरूलाई सुख हुन्छ। ऋण देखाएर गए छोराछोरीहरूले तिर्नुपर्ने हुन्छ। आमा-बाबु क्रोधी भएमा छोराछोरीहरू पनि त्यस्तै हुनसक्छन्। विशेषत: गर्भवती महिलालले मनपरी गरी मनपरी खाई पिई हिड्नु हुन्न। गर्भमा बच्चा भएको बेला महिला रिसालु भएमा बच्चा पनि रिसालु हुनसक्छ।

एकपल्ट म एउटा घरमा जाँदा एकजना बालिका अजि रिसाउने स्वभावकी पाएं। यी बच्चा यतिका रिसालु कसरी भइन् भनी सोद्धा बच्चाकी आमा भन्छिन् - यो बच्चा गर्भमा हुँदा यसका बुबासंगै मेरो कचकच पऱ्यो र रिसाउनु पऱ्यो। त्यसैले नै यो बच्चा पनि रिसालु भएकी हुनुपर्दछ। यसबाट थाहा हुन्छ, आमाको कर्मले गर्दा बच्चाहरूलाई पनि प्रभावित पार्दोरहेछ।

स्मरणयोग्य कुरा हो, गर्भवती महिलाले अम्मलीनशालु पदार्थ सेवन गर्नुहुँदैन। कडा औषधि पनि खानु हुन्न। धेरै औषधी खायो भने वा अम्मल सेवन गऱ्यो भने बच्चाहरूको ओंठ र नाक पनि ठोचिन सक्छ, अन्धो पनि बन्न सक्छ। त्यसैले, अङ्गहरू हुने कुरा मात्र पूर्व कर्मको फल होइन, आमा-बुबाको कर्मफल पनि छोराछोरीहरूले भोग्नुपर्ने हुन्छ।

म एक भिक्षु भएर पनि कसैले कुरा बिगार्दा वा नराम्रो गरेको देख्दा झोक्किने स्वभाव पूर्णत: त्याग्न सकेको छैन किनभने मेरा बुबा पनि अति झोक्की र रिसालु हुनुहुन्थ्यो। मेरो बुबाको त्यही स्वभाव ममा पनि रहेको हुनसक्छ। यो पनि पूर्व कर्मकै प्रभाव हो।

**आधादिनमात्र अष्टशील पालन गरेको फल :**

यसलोकबाट मरेर अर्कै जन्ममा फलभोग गरेका केही कथाहरू प्रस्तुत गर्दछु। यस्ता कथाहरू नहुँदा पनि लेखमा कता कता नुन बिनाको तरकारीको स्वाद झैं हुनसक्छ।

बुद्धकालीन समयका महाउपासक कहलाएका अनाथपिण्डिक नामका एकजना महाजन थिए। उसको घरमा प्रत्येक अष्टमी, औंसी र पूर्णिमा आदि दिनहरूमा सपरिवार अष्टशील लिई ब्रत बस्ने चलन थियो। त्यो घरमा कामदारहरू पनि धेरै थिए। एकदिन पूर्णिमाका दिन एकजना कामदार बिहानै खेतमा काम गर्न गएछ। अष्टशील लिई ब्रत बस्ने दिन भनेर उसले बिर्सेछ। दिउँसोपख घर फर्किदाँ परिवेश नै शान्त र शून्य देख्यो। कोही पनि कराइरहेका थिएनन्। अरू दिनमा भए खाने ठाउँमा होहल्ला मच्चिरहन्थ्यो। आज यस्तो नहुनुको कारण के पो होला भनी सोध्नुपुग्यो। अनाथपिण्डिक महाजनले भने-"तिमी सबेरै उठेर गयौ। तिमीले आज पूर्णिमाको दिन अष्टशील ग्रहण गरी शान्तपूर्वक बस्ने दिन भनी पनि बिर्सेछौ। आज विकालमा खानुहुन्न। त्यसैले हामीले पहिल्यै खायौं। अब भयो, तिमीले खाएपनि हुन्छ।" कामदारले भन्यो- "म आधा दिनमात्र भएपनि अष्टशील पालन गर्नेछु। म खान्न।" उनले आधा दिनको अष्टशील भएपनि लिइछाड्यो। ऊ बिहानदेखि खेतमा काम गरी फर्केको थियो। यसैले साँझपख उसलाई अति भोकले सतायो अति भोक लाग्दा पेट दुखेर उनी छट्पटिन थाल्यो।

*क्रमश: ...*

# छन्त लुमनेवं

✍ *भिक्षु सुशील*

कष्ट थम्हं फयेमा:सां नं
ब्यूगु ख: छं जीवन द:
लुमंनि थौं नं धा:गु छं
म्वायेफुम्ह ख: छ्व थ: थ:म्हं ।

कालं यन ख: छन्त थनं
आसेतकं जिं धाये मलाकं
अप्चं क्रुर व जुलसां नं
लुमन्तियात हुइमफु वं ।

लुमन्ति छंगु सदां सदां
म्वाकां तयेगु कुत: जिगु
सुवा: बियाच्वंगु छंगु ख्वा:
लुइकां च्वनेगु कुत: जिगु ।

फुइ धुंकल सर्वस्व जिगु
मन्त जिके आ: मेगु छुं
दु धायेगु ख:सा छताजक दु
लुमन्ति छंगु न्हिलाच्वंगु ।

पूर्वं सूर्यो लुया हे च्वंसां
संसार जिगु आ: ख्युँसे च्वं
आक्सय् मिला झझ: धा:सां
नुगलय् जिगु आ: भिं भां दँ ।

छंगु लुमन्ति मुसुहुँ न्हिलेव
बसन्तं वया पाच्युँ थें च्वं
म्हगसय् जकसां छन्त खनेवं
संसारयात हे त्याकाथें च्वं

## धर्मकीर्ति पत्रिका नविकरण सम्बन्धि सूचना

धर्मकीर्ति पत्रिकाको आगामी वैशाख अंक (२०५९ साल वर्ष २० को अंक १ देखि १२ सम्म) प्रकाशित हुने पत्रिकाको लागि साधारण सदस्यता नविकरण गर्न हुनका लागि सम्पूर्ण ग्राहक महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछु ।

पुनश्च: धर्मकीर्ति पत्रिकाको नाममा नविकरण शुल्क पठाई सहयोग गरिदिनु हुन पनि सम्पूर्ण सदस्यहरूलाई अनुरोध गर्दछु । पत्रिकाको वार्षिक शुल्क रू. ६०/- (रूपैया साठी मात्र)

– प्रमुख व्यवस्थापक

# दुई कविता

राजु श्रेष्ठ
धरान - ११, जनपथ टोल

### "प्रतिध्वनि फैलियो"

सुख सयल त्याग गरि
मानव जातिको लागि
दु:ख कष्ट, मृत्यु जन्मको
कारण के हो भनि
राज्य त्याग गरि
एकान्त बनमा ध्यान गरि
बस्यौ तिमी
आज तिम्रो उपदेशको शरण गरि
मानव जातिको लागि
तिमीले देखाएको मार्गमा
हिंडि दिंदा शान्त र शान्तिको
प्रतिध्वनि फैलियो

-:o:-

### प्रयास गर्दछु ।

मेरो कोही छैन भन्थे
त्यसैले कता-कता निरश लाग्थ्यो ।
मेरो जीवन ब्यर्थ जस्तो लाग्थ्यो ।
त्यसैले जिउनुको कुनै अर्थ हो
सम्झीन्नथें ।
तर, पनि आज उनको उपदेशलाई
सम्झी कतै कहिं
बाटो त भुलें की जस्तो लाग्छ ।
त्यसैले आज भोलि उनको शरणमा
पर्ने गर्दछु ।
उनले देखाएको मार्ग दर्शनमा
हिंड्ने प्रयास गर्दछु ।

# बिम्विसार म्हसीके

न्हापां बुद्धया शरणे वंम्ह जुजु
न्हापां विहार दान याना बिज्याम्ह
दकले न्हापां श्रोतापन्न लाम्ह जुजु
बुद्धयात दकले न्हापा निमन्त्रणा ब्यूम्ह जुजु
स्वम्ह जटिल काश्यपपिनि गुरु बुद्ध
ख:लाकि बुद्धया गुरू स्वम्ह
जटिलपिं ख: धका न्यंम्ह जुजु
विम्विसार ख: ।



Downloaded from http://www.dhamma.digital

# सहनशीलता

- हिरण्यराज बज्राचार्य

यस संसारमा थुप्रै मानिसहरू छन् । तर मानिसहरूको स्वभाव भने एकै नासका छैनन् । यस श्रृष्टि चक्रमा सबै प्राणीहरूमध्ये मानिस मात्र विवेकशील प्राणी हो । प्रत्येक मानिसले आ-आफ्नो संस्कार साथमा लिएर जन्मेका हुन्छन् । हरेक मानिसले आ-आफ्नो संस्कार अनुसार आ-आफ्नो स्वभाव प्रकट गरिरहेका हुन्छन् । यसको साथसाथै कतिपय मानिसहरूले वर्तमान जीवनमा आ-आफ्ना समुदाय र साथीभाईको सतसंगतमा परी नयाँ संस्कारहरू निर्माण गरिरहेका हुन्छन् । उदाहरणको लागि बुद्धले हिंस्रक अंगुलिमालको हृदय परिवर्तन गरी हिंस्रक व्यक्तिबाट एक शान्त र सचरित्रवान् भिक्षुको रूपमा बदलिदिनुभयो । तैपनि अंगुलिमालको पहिलाको नराम्रो कार्यदेखि रिसाएका मानिसहरूले अंगुलिमाल भिक्षाटन जानुहुँदा हिंस्रक अंगुलिमाल आयो भन्दै ढुंगामुढाले हानी रक्ताम्य पारिदिने गर्थ्यो । तर हिंस्रक संस्कार बदली ज्ञानी संस्कार बोकिसकेका अंगुलिमालले आफ्नो शारीरिक वेदनालाई सही शान्त रूपमा बुद्ध समक्ष उभिनु भएपछि बुद्धले सान्त्वना दिनुहुँदै भन्नुभयो– "अंगुलिमाल ! तिमीले गरेको कर्मफलको एक भाग अहिले यही जन्ममा भोगिरहेका छौ । यो एक प्राकृतिक नियम हो । यसरी मानिसको चरित्र निर्माण गर्नको लागि चाहिने तत्त्वहरूमध्ये चरित्र निर्माण अत्यावश्यक तत्त्व हो । सद्व्यवहार र सहनशीलता भएको मानिसले सुखमय र शान्तिमय जीवन बिताउन सक्छ । तर सहनशील हुन भने धेरै गाऱ्हो छ । सहनशील गुण नभई रिसाहा बनेमा यसको परिणाम भयावह हुनेछ । यसले आफ्नो मात्र होइन अरूलाई समेत हानी नोक्सानी पुऱ्याउने र ज्यान समेत खतरामा पारिदिनेछ । सम्यक दृष्टि अर्थात् ठीक विचार गर्ने व्यक्तिहरूमा मात्र सहनशील गुण हुनसक्छ । सहनशील गुण आर्य अष्टांगिक मार्ग र दशपारमिता अन्तरगत पर्न आउँछ ।

सहनशील गुणको सिलसिलामा हामीले बुद्धको साथसाथै अन्य भिक्षुहरूको पनि उदाहरण लिन सक्छौं–

एकदिन बुद्ध उरूवेल वनको एक रूखमुनी रहनु भएको बेला एउटा बटुवाले रिसाउँदै उहाँलाई लाञ्छना लगाउँदै यसरी गाली गरेछ– "हे भिक्षु ! तिमी काम नगरीकन अल्छी भई मागेर खान लाज लाग्दैन ? ... ... उसले जति गाली गरेपनि बुद्ध चुपचाप हुनुभई पटक्कै न रिसाई शान्त स्वभावले मुसुमुसु हाँसीरहनु भएछ । गाली गर्दा गर्दै थाकिसकेपछि उक्त बटुवाले विचार गरेछ– "मैले यस भिक्षुलाई गाली गर्न सकेसम्म गालि गरिसकें । तर यसले एक जवाफ पनि फर्काएन । रिसाउनु त कता-कता झन मुसु मुसु हाँसिरहेको छ । यो त चानचुने व्यक्ति रहेनछ । विनासित्ति मैले निरपराध भिक्षुलाई गाली गरी पाप कमाएछु । यति विचार गरी पश्चाताप मान्दै उक्त व्यक्तिले आफ्नो गल्ती महशूस गरी बुद्ध समक्ष माफी माग्न पुगे । तत्पश्चात बुद्धले त्यस व्यक्तिलाई दया करूणा राखी उपदेश दिनुभएपछि त उक्त व्यक्तिले बुद्ध शिक्षालाई भित्री हृदयदेखि बुझेर एक शुद्ध व्यक्ति बन्न सफल भए ।

यसरी नै बुद्धका अग्रश्रावक सारीपुत्र पनि साऱ्है सहनशील भिक्षु थिए । उहाँको सहनशीलताको चर्चा परिचर्चाले पराकाष्ठा पुगेको थियो ।

एकदिनको कुरो भिक्षु सारिपुत्र आफ्नो बाटो लागिरहनु भएको थियो । त्यही बेलामा एउटा मानिसले यो भिक्षु साऱ्है सहनशीलता भएको भिक्षु भन्ने गर्छन् मानिसहरूले । हो कि होइन एक पटक जाँचेर हेर्नुपऱ्यो भन्ने विचार गरी भिक्षु सारीपुत्रको पिछा गर्दै गई उहाँको शरीर पछाडि जोडले एक मुक्का हिर्काएछ । तर भिक्षु सारीपुत्र न कराउनु भयो, न रिसाउनु भयो । त्यति मात्र होइन उहाँले त फर्केर सम्म पनि नहेरी आफ्नै सूरमा अगाडि बढीरहनु भएछ । यो देखी त्यस व्यक्ति आश्चर्यचकित भई विचार गरेछ– "विना सित्तिमा मैले त्यस निरपराध भिक्षुलाई मुक्का हानें । कति दुख्यो होला उहाँलाई । पश्चातापले पोलेको त्यस व्यक्ति छिटो छिटो अगाडि बढी भिक्षु सारीपुत्र समक्ष पुगी माफी मागेछ । माफी मागेर मात्र पनि नपुगी उसले भिक्षु सारीपुत्रलाई आफ्नो घरमा भोजन ग्रहण गर्नको लागि निमन्त्रणा समेत दिएछ । भिक्षु सारीपुत्रले पनि रीस, राग र द्वेषभाव नराखी त्यस व्यक्तिको भोजन निमन्त्रणा स्वीकार गर्नुभई भोजन गर्न जानु भएछ ।

यसरी सहनशीलता भनेको स्वच्छ र शीतल भावना हो । यसले जलिरहेको मनलाई शान्त, स्वच्छ र शीतल पारी अनौठो मानसिक शक्ति प्रदान गर्दछ । आजभोली सहनशीलताको खाँचो अझ तीव्र रूपमा रहेको महशूस भएको छ ।

# आचार्य नागार्जुनया सुप्त उल्लेखं

*अनुवाद* - भि. सुदर्शन महास्थविर

धन थुलं मच्वं । धन असार खः । धर्मानकूल धनयात छ्यूयले माः, त्वते फय्के माः ।

शील दोष मदयेक तःजिक ल्वाकबुकः मजुइक, बुलु मजुइक पालन याना जीवने जः हति । गथे व्याक्क ज्वीइ फुपिं जुइ, मफुपिं प्राणीपिनि लिधंसा पृथ्वी खः, अथेहे व्याक्क सम्प्रभुताया आधार शील खः ।

नुगः स्या, माया, आलस्य नाँ यो, दाँ यो । स्वभाव मिखा तिसिना प्येपुनेगु पह, तँयात शत्रु भाःपिमाः ।

सन्तोष थें तसकं दुर्लभगु वस्तु छुं हे मदु । थगु जीवने तँयात फतिं फत्तले दुतिके मते । बुद्धं आज्ञा जुया बिज्यागु दु, गृम्हसिन तँ यात सदांया निंम्तिं त्याजिक त्वति वं हानं मेगु जन्म काये मालि मखु । व अनागामि जुई ।

थ्व संसारयात म्हसिके । लाभ व अलाभ, सुख व दुःख, मान व अपमान, प्रशंसा व निन्दा थुपिं च्यागु लोक धर्मे उतिग्यंगु चित्र तया च्वने सय्के ।

मैत्री, करूणा, मुदिता व उपेक्षाया न्ह्याबलें भावना याः । थुकें छन्त च्वय् च्वय् थ्यंका बिइ मफुसां ब्रह्म विहारे तकला थ्यंका हे बिइ ।

गबले छँ धाई "जि रूप मखु" अबले छँ थुइके माः "जि रूपवानम्ह मखु" "रूप जिके मदु" "जि रूपे मदु, रूप जिगु मखु" थुकथं हे वेदना, विज्ञान, संज्ञा व संस्कारया सम्बन्धय् नं छँ थुइके माः ।

स्कन्ध इच्छां उत्पन्न जुइगु मखु, कालं उत्पन्न जुइ मखु, प्रकृतिं उत्पन्न जुइ मखु, स्वभावं उत्पन्न जुइ मखु, ईश्वरं उत्पन्न जुइगु मखु अथेहे बिना हेतु उत्पन्न जुइगु नं मखु ।

धार्मिक कर्म काण्डे पेपुना च्वनेगु, मिथ्या दर्शने ध्यना च्वनेगु अले संसय ज्वलं च्वंका च्वनेगु, समुद्रे च्वंगु स्वंग दुंगाय् च्वना च्वंगु थें खः ।

उकिं शील, समाथि व प्रज्ञाया अभ्यास या । झन् झन् अभ्यास या ।

थगु छ्यूने मिं नइबले पुना तैगु वसते मिं नइबले छँ व मि स्यायेत गुलि कुतः याई उलि हे कुतः तृष्णायात नाश यायेत कुत याः । थ्व सिबें तःधंगु याये मागु ज्या मेगु छुं मदु ।

शील, समाधि व प्रज्ञां शान्तपद निर्वाण लाना का, गुगु अजर अमर खः । हानं गन धरती मदु, लः मदु, मिं मदु, फय् मदु, सुर्य मदु, मिला मदु ।

★

## आजभोलिका मान्छे

- रामभक्त प्रधान

आजभोलि मानिस भई कामगर्न गाऱ्हो भइरहेछ
इमान्दारं भई काम गर्न गाऱ्हो भइरहेछ

आजभोलि जमाना खराब छ
जमाना अनुसार जीवन बिताउन गाऱ्हो छ

नेताहरूको कमी छैन यहाँ
साहुहरूको पनि कमी छैन यहाँ

तर गरीबले बाँच्न धेरै गाऱ्हो छ
असहाय गरीब भोकभोकै मर्दैछ ।

आफूले आफैलाई जाँचिराख्न सकेमा
आफ्नै बानी व्यवहार राम्रो हुनेछ ।

## झूठ

- सुरमावती, *धर्मकीर्ति विहार*

नबोल झूठ भन्दा भन्दै बोलिराखेकै हुन्छ झूठ
जहाँ जता हेरे पनि देख्छु यहाँ झूठ नै झूठ
जुनसुकै क्षेत्रमा पनि स्वागत गर्छ हामीलाई झूठले नै
जुनसुकै कार्यमा पनि डेरा जमाउँने गर्छ झूठले नै
बसमा पारिराखेको छ यस संसारलाई झूठले नै
ठूलो ओहदामा पुऱ्याइराखेको छ कतिपय मानिसलाई झूठले नै
सत्य र साँचो त तीतो र टर्रो भइसक्यो यहाँ
राजनैतिक व्यापारिक देखि लिएर शैक्षिक क्षेत्रमा समेत झूठ यहाँ
तर कति क्षणको पाहुना हो यो झूठो संसार ?
एक न एकदिन त अवश्य पनि ढल्नेछ यो झूठो संसार
अनि बल्ल झस्किनेछन् ती झूठा आडम्बरी फटाहाहरू
पश्चातापको भुमरीमा फँस्नेछन् आफूले आफैलाई ठग्ने ती मूर्खहरू ।



Downloaded from http://www.dhamma.digital

# सम्यक पूजा–३

*प्रस्तुति, भिक्षु विशुद्धानन्द (प्राणपुत्र)*

*अब हामी चार आर्य सत्य बोधि पाठ गरौं-*

वहाँ भगवान् चार आर्य सत्यहरूमा, यथार्थ ज्ञानदर्शन गरी सुविशुद्ध हुनुभयो । यी दुई अन्तहरू सेवन योग्य छैनन्, इन्द्रिय विषय नै सुखको कारण भनी/ इन्द्रिय विषयमा लिप्त हुने स्वभाव, हीन गाउँले पृथक्जन अनार्य अनर्थकारी/ इन्द्रिय विषय नै दु:खको कारण भनी, इन्द्रिय विषयबाट टाढिने तर्सिने भाग्ने/आत्मकष्ट आत्मपीडा दिने जुन अभ्यास, त्यो दु:खदायी अनार्य अनर्थकारी/

यी ८ दु:ख आर्य सत्य हुन्, जन्म पनि दु:ख जरा पनि दु:ख/व्याधि पनि दु:ख मरण पनि दु:ख, अप्रियसंग सम्प्रयोग दु:ख/प्रियहरूसंग विप्रयोग दु:ख, जुन इच्छित पाईदैन त्यो पनि दु:ख/संक्षिप्तमा पञ्च उपादान स्कन्ध, नै दु:ख जस्तै रूप स्कन्ध/वेदना स्कन्ध संज्ञा स्कन्ध/ संस्कार स्कन्ध विज्ञान स्कन्ध ।

तृष्णा नै दु:ख समुदय आर्य सत्य, जुन तृष्णाहरूले पुनर्भव गराउँछ/आशक्ति राग युक्त जहीं तहीं आशक्त, सुखभोगमा भुल्ने इच्छा कामतृष्णा/पुनर्भवहरूमा रमाउने शाश्वत, दृष्टिहरू युक्त इच्छा भवतृष्णा, पुनर्भव नमान्ने उच्छेद दृष्टि, संयुक्त भएको इच्छा विभवतृष्णा/

अविद्याको कारणले संस्कार हुन्छ, संस्कारको कारणले विज्ञान हुन्छ, विज्ञानको कारणले नामरूप हुन्छ, नामरूपको कारणले ६ आयतन हुन्छ, ६ आयतनको कारणले स्पर्श हुन्छ, स्पर्शको कारणले वेदना हुन्छ, वेदनाको कारणले तृष्णा हुन्छ, तृष्णाको कारणले उपादान हुन्छ, उपादानको कारणले भव हुन्छ, भवको कारणले जन्म हुन्छ, जन्मको कारणले जरा मरण शोक, विलाप दु:ख दौर्मनश्य डाह उत्पत्ति हुन्छन् ।

निर्वाण नै दु:ख निरोध आर्य सत्य हो, जुन काम भव विभव तृष्णाहरूको/अशेष वैराग निरोध त्याग, प्रतिनिशर्ग मुक्ति अनाशक्त हुन्छ ।

अविद्याको निरोधले संस्कार निरोध, संस्कारको निरोधले विज्ञान निरोध/विज्ञानको निरोधले नामरूप निरोध/नामरूपको निरोधले ६ आयतन निरोध/६ आयतनको निरोधले स्पर्श निरोध, स्पर्शको निरोधले वेदना निरोध/वेदनाको निरोधले तृष्णा निरोध, तृष्णाको निरोधले उपादान निरोध/उपादानको निरोधले भव निरोध, भवको निरोधले जन्म निरोध/जन्मको निरोधले जरामरण शोक, विलाप दु:ख दौर्मनश्य डाह निरोध हुन्छन् ।

दु:ख निरोधगामि मार्ग आर्य सत्य, यही नै आर्य अष्टाङ्गिक मार्ग ।

कर्मसम्पत्ति कर्मअंशियार, कर्मयोनि कर्मबन्धु कर्मप्रतिशत/जुन कर्म गरिन्छ पुण्य वा पापको, अंशियार हुने सम्यक दृष्टि भनिन्छ/

नैष्क्रम्य संकल्प, अक्रोध संकल्प, अहिंसा संकल्पलाई सम्यक् संकल्प भनिन्छ ।

झुठो चुक्लि कटु अनर्थक वचन, वाचिक पाप त्याग्नु सम्यक् वचन भनिन्छ/

हिंसा चोरी व्यभिचार शारीरिक पाप, छाड्नुलाई सम्यक कर्मान्त भनिन्छ/

शस्त्र, जीवित प्राणी मंस मादक पदार्थ, विष व्यापार नगर्नु सम्यक जीविका भनिन्छ/

अनुत्पन्न पापहरू उत्पन्न नगर्ने, उत्पन्न पापहरू प्रहाण गर्ने/अनुत्पन्न कुशलहरू उत्पन्न गर्ने, उत्पन्न कुशलहरू चीर स्थायी गर्ने/नहराउन बढाउन विपुल गर्ने, भावना पूर्ण गर्ने इच्छा उत्पन्न गर्नु/ उद्योग गर्नु वीर्यारम्भ चित्त उत्साहित गर्नु, प्रयत्न गर्नुलाई सम्यक व्यायाम भनिन्छ/

कायमा काय अनुपस्यी भएर, वेदनामा वेदना अनुपस्यी भएर, चित्तमा चित्त अनुपस्यी भएर, धम्मा धम्म अनुपस्यी भएर/स्कन्धमा आतत्प सम्प्रज्ञा स्मृतिवान, लोभ क्रोध हटाउनु सम्यक स्मृति भनिन्छ/

वितर्क विचार प्रीति सुख, एकाग्रता युक्त प्रथम ध्यान/विचार तथा प्रीति सुख, एकाग्रता युक्त द्वितिय ध्यान/प्रीति सुख एकाग्रता, युक्त तृतीय ध्यान, सुख एकाग्रता युक्त चतुर्थ ध्यान/उपेक्षा एकाग्रता, युक्त पञ्चम ध्यान, हरूलाई सम्यक समाधि भनिन्छ/

अत: वहाँ भगवानले सदेव लोकमा, मार ब्रह्महरूमा श्रमण ब्राह्मण प्रजामा, देब मनुष्यहरूमा अनुत्तर सम्यक, सम्बोधि प्राप्त गरिलिनु भयो ।

*क्रमस:*

# बिचाः हायका

**अनिच्चावत संखारा उप्पाद वय धम्मिनो**
**उप्पज्जित्वा निरूज्झन्ति, तेसं ऊप सम्मोसुखो**



## दिवंगत सानुकाजी शाक्य

*बुन्हि :* बि.सं. १९७८ माघ २५ शुक्लपक्ष भीमा एकादशी आइतवार
*मदुगु न्हि :* बि.सं. २०५८ कार्तिक १५ शुक्ल पक्ष चतुर्दशी, कोजाग्रत पूर्णिमा व्रत बुधवार

हनेवहःम्ह श्रद्धेय सानुकाजी शाक्य आका झाकां मदुगुलिं वसपोलया निर्वाण कामना यासे बिचाः हायेका बिज्यापिं/दिपिं सकल संघ-संस्था, शुभेच्छुकपिन्त जिमिसं हार्दिक धन्यवाद देछाया ।

**_जहान :_ सूर्यमाया शाक्य (गोरी), तानसेन, पाल्पा ।**
**_काय्‌पिं :_ ज्ञानकाजी, सुवर्णकाजी, पुष्परत्न, अशोकरत्न व प्रज्ञारत्न शाक्य**
**_म्ह्याय् :_ विजयलक्ष्मी बज्राचार्य**



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षाको प्रतिवेदन

### बौद्ध आचरण

२०५८ पौष २१ गते ।

यसदिन अध्ययन गोष्ठीको कक्षामा भिक्षुणी इन्दावतीबाट बौद्ध आचरणको विषयमा जानकारी दिनुभयो । बुद्ध धर्मको तीनवटा पिटक– सुत्त पिटक, विनय पिटक, अभिधम्म पिटक मध्य विनय पिटकमा बौद्ध आचरणको बारेमा विस्तृत रूपमा व्याख्या गरिराखेको पाउँछौं । पाराजिका पाली, पाचित्तीय पाली, महावग्ग, चुलवग्ग, पारिवार पाली आदि विनयको वर्गिकरण हो । बुद्धले म नरहे पनि धर्म र विनय नै तिमीहरूको गुरु हो भनेर यसको महत्त्व दर्शाउनु भएको छ । टाइवानको फो क्वान सान विश्व विद्यालयमा विनय पिटकको विनयलाई व्यवहारिक जीवनमा उतार्ने अभ्यास गराइन्छ । भगवान बुद्धको महत्त्वपूर्ण उपदेश **"अप्पमादेन सम्पादेथ"** जहिले पनि होस् पुऱ्याउनुलाई चरितार्थ गर्दै त्यस विश्व विद्यालयमा, स-साना नियमहरू जस्तै खाने, बस्ने, उठ्ने, हिंड्ने, नमस्कार गर्ने आदि देखि लिएर हरेक नियमहरूलाई पालन गर्न अभ्यास गराईन्छ । हामीले पनि आफ्नो जीवनमा विनय पिटकका केही नियमहरूलाई मात्र पालन गर्न सके पनि हाम्रो जीवन शैली स्वच्छ र वरिपरिको वातावरण आनन्दमयी हुनेछ ।

### विषय : उन्नतिका मार्गहरू

२०५८ पौष २८ गते । रिपोर्टर- नीता केशरी ।

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले "उन्नतिका मार्गहरू" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– "हाम्रो सफल जीवनको लागि नभई नहुने तत्त्व सम्यक दृष्टि हो । बुद्ध शिक्षा अध्ययन गर्दा बुद्धको वास्तविक अर्थ चिनी उहाँले एक सफल मानिस बन्नका लागि दिनुभएको शिक्षालाई राम्ररी अध्ययन गर्न जरुरी छ । (१) निरोगी (२) राम्रो आचरण (३) ज्ञानीजन र आफूभन्दा ठूलावडाको अर्ति उपदेश सुन्ने (४) धर्मअनुसार आचरण गर्ने (५) आफूले ज्ञान गुणका शिक्षा आर्जन गरी विद्वान हुने (६) अल्छीपना त्यागने (७) सफा सुग्घर हुने ।

निरोगी हुनका लागि पौष्टिक पदार्थको सेवन, आफु बस्ने ठाउँ अनुकुल हुनुपर्छ, झगडालु र सरुवा रोग भएका मानिसहरूको बढि सम्पर्कमा नआउने, मौसम अनुसारको लुगा लगाउने र आफ्नो विचार अनुकुल रहेको व्यक्तिसंग रहने र साथै आफू र आफ्नो वरिपरि सफा सुग्घर राख्ने गर्नुपर्दछ ।

मानव जीवनको साथै विश्वमा नै शान्ति ल्याउनका लागि मानव समुदायले बुद्ध शिक्षालाई व्यवहारमा उतार्न सकेमा सबैले सुखपूर्वक जीवन बिताउन सक्नेछन् ।

### सामाजिक सुख-४

२०५८ माघ १२ गते । यसदिन अध्ययन गोष्ठीको कक्षामा महास्थविर अश्वघोषज्यूबाट सामाजिक सुखको विषयमा प्रवचन दिनुभयो । हामी सामाजिक प्राणी भएकोले समाजमा बस्दा अत्यावश्यक ४ वटा सुख जानी राख्नु आवश्यक पर्दछ । जुन यसप्रकार छन्–

(१) आवश्यक परेको बेलामा मद्दत गर्ने साथी पाउनु; आफूसँग पैसा भएको बेलामा मात्र होइन समस्या पर्ने बेलामा पनि मद्दत गर्ने, सुख र दु:खमा पनि साथ दिने साथी पाउनु सुख हो ।

(२) आफूसँग भएकोमा सन्तुष्ट हुन सक्नु; मेहनत नै नगरी अल्छी भएर आफूसँग भएकोमा सन्तुष्ट हुनु होइन । मेहनत गरी काम गरेर कमाएको सम्पत्तिमा सन्तुष्ट हुनु सुख हो । कोही-कोही जति धन कमाए पनि सन्तुष्ट हुन नजानी दु:खी भएर बसीराखेको हुन्छ । धेरै लोभ गर्नु दु:खको कारण हो ।

(३) पुण्यकर्म गर्नु; आफ्नो जीवनमा राम्रो-राम्रो काम गरीराख्यो भने जीवनको अन्तिम अवस्थामा आफूले गरेको राम्रो कामको राम्रो स्मरण मै आफूभित्र आनन्दको अनुभव हुन्छ । नराम्रो काम गरिराख्यो भने डर, त्रास भैरहन्छ । त्यसैले पुण्यकर्म गर्नु पनि सुख हो ।

(४) सबै दु:खबाट अलग हुनु; दु:खको कारण पत्ता लगाएर दु:खी हुनुपर्ने र पछि पश्चाताप गर्न नपर्ने काम गर्नु नै सुख हो ।

यी माथि चारवटा सुख हामीले अनुभव गर्न सके हामी साँच्चिकै सुखी हुनेछौं ।

## श्रद्धाञ्जली सभा

**२०५८ पौष ७ गते, शनिबार ।**

स्व. पवित्र वहादुर बज्राचार्यको पुण्य स्मृतिमा युवक बौद्ध मण्डल नेपालले श्रद्धाञ्जली सभाको आयोजना गरेको समाचार छ । मण्डलका धर्मानुशाषक श्रद्धेय बुद्धघोष महास्थविर समक्ष पञ्चशील प्रार्थना पछि शुरू गरिएको उक्त सभामा दिवंगत पवित्र बहादुर बज्राचार्यको तस्विरमा मण्डलका वरिष्ठ सल्लाहकार भू.पू. अध्यक्षहरूबाट पुष्प गुच्छा चढाउनु भई श्रद्धाञ्जली अर्पण गर्नु भएको थियो । यसरी नै उहाँको पुण्य स्मृतिमा ३ मिनेट मरणानुस्मृति मैत्री भावना गरिएको थियो । सुश्री अमीता धाख्वाबाट उहाँको जीवनी प्रस्तुत गरिएको उक्त सभामा मण्डलका भू.पू. अध्यक्ष श्री प्रेम वहादुर बज्राचार्य र मण्डलका वरिष्ठ सल्लाहकार प्रा. आशाराम शाक्यले स्व. पवित्र ब. वज्राचार्यको देन विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए । यस मण्डलका भू.पू. प्रचार सचिव श्री हेरारत्न शाक्यले स्व. वज्राचार्यको वारेमा कविता वाचन गर्नुभएको थियो भने भू.पू. अध्यक्ष श्रद्धेय ज्ञानपूर्णिक महास्थविरले उहाँको गुणानुस्मरण गर्नु भएको थियो ।

युवक बौद्ध मण्डल नेपालको संस्थापक अध्यक्ष एवं बौद्ध उपासक श्री पवित्र बहादुर वज्राचार्य ५७ वर्षको उमेरमा गत मंसिर १५ गते दिवंगत हुनु भएको थियो । विभिन्न बौद्ध संघ संस्थाका विभिन्न पदमा रही बुद्ध धर्म प्रचार प्रसार कार्यमा योगदान दिनुभएका स्व. बज्राचार्यले जागरूक युवाहरूलाई बुद्ध धर्ममा अभिप्रेरित गर्नका लागि वि.सं. २०२७ साल श्रावण १७ गते युवक बौद्ध मण्डल नेपाल (Y.M.B.A) स्थापना गर्नुभई यस संस्थाको संस्थापक अध्यक्ष रहनुभएको थियो ।

पिता पूर्णबहादुर वज्राचार्य र माता वीरमाया वज्राचार्यको प्रथम पुत्रको रूपमा वि.सं. २००१ फागुण १७ गते ल.पु. गावहालमा जन्मनु भएका स्व. वज्राचार्य श्रीमती रेणुका शाक्य सहित तीन पुत्री र एक पुत्रका पिता हुनुहुन्छ । कार्यक्रमको अन्त्यमा श्रद्धेय बुद्धघोष महास्थविरबाट धर्मदेशना गर्नुभई मण्डलका नि.व. अध्यक्ष श्री चन्द्रमान शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो । यसरी नै सभापती श्री अशोकमान शाक्यले सभा विसर्जन र पुण्यानुमोदन गरी सभा समापन गरिएको थियो ।

## धर्मदेशना

२०५८ माघ ६ गते । स्थान - धर्मशीला बुद्ध विहार ।

युवा बौद्ध संघ पोखराले भाद्र महिना देखि संचालन गर्दै आएको मासिक धर्मदेशना श्रृङखला अन्तरगत चौथो धर्मदेशना श्रृङखला भिक्षु अस्सजिले पञ्चशील प्रार्थना गराउनु भई प्रारम्भ गर्नुभयो । धर्मदेशनाको क्रममा उहाँले भन्नुभयो- धर्मदेशना श्रवण गर्दा ५ वटा फाइदाहरू प्राप्त हुन्छन् । १. नसुनेका कुरा सुन्न पाउँछ । २. सुनिसकेका ज्ञानगुणका कुराहरू प्रष्ट बुझिनेछ ३. शंकाहरू निवारण हुन्छन् ४. दृष्टिकोण ठीक हुनेछ ५. मन आनन्द हुनेछ । धर्म देशनाको क्रममा श्रोतावर्गले एकाग्र चित्त लिई सुन्ने गर्नुपर्छ जसले गर्दा सुनेका कुरालाई अन्य व्यक्तिहरूमा प्रवाहित गर्ने क्षमता जाग्न सक्नेछ ।

बौद्ध उपासिका संघ, ज्ञानमाला संघ, मैत्री संघ, बौद्ध अर्धौ सदन, धर्म संघ बुद्ध विहार, नेपाल मगर संघ कास्की, युवा बौद्ध संघ लगायत विभिन्न अन्य संघ संस्थाहरूको सदस्यहरू उपस्थित रहेको उक्त कार्यक्रममा युवा बौद्ध संघका अध्यक्ष प्रकाश उदासले धन्यवाद ज्ञापन गर्नुहुँदै सामुहिक रूपमा पुण्यानुमोदन गरी कार्यक्रम विसर्जन गरिएको थियो ।

## भोजन, जलपान समारोह

२०५८ माघ १३ गते ।

स्थान - आनन्दकुटी विहार, स्वयम्भू ।

स्वयम्भू धर्मपासा पुचः चार वर्ष पुगेको उपलक्षमा यस संस्थाले विभिन्न स्थानका परियत्ति शिक्षाका विद्यार्थीहरू लगायत भिक्षु भिक्षुणी र उपासक उपासिकाहरूलाई जलपान र भोजन कार्यक्रमको



Downloaded from http://www.dhamma.digital

आयोजना गरिएको समाचार छ । उक्त उपलक्षमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम पनि संचालन गरिएको थियो ।

## बौद्ध सभा

२०५८ माघ १४ गते । स्थान - सिफल काठमाडौं ।

थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आह्वानमा सिफलका गुरूङ्ग घले समूहको आयोजनामा सम्पन्न बौद्ध सभामा पञ्चशील प्रार्थना पछि केनिया, लण्डन, श्रीलंकाबाट फर्कनु भएका भिक्षु आनन्दले "मानव र जनावर वीच खाना, निन्द्रा, मैथुन, भय समान भए पनि पशुमा नहुने धर्म गुण ठूला वडालाई सम्मान र सानालाई दयामाया गर्ने, नैतिकवान चरित्रवान हुने आदि गुणहरू मानिसमा हुनुपर्छ । यस्तो विवेक बुद्धि भएन भने मानिस पनि पशु सरह हुन्छ" भन्ने देशना गर्नु भयो । साथै आज विश्वमा भौतिक विकास चरम सिमामा पुगेपनि आध्यात्मिक क्षेत्रमा ह्रास देखिएकोले मनोक्रान्तिको अत्यावश्यक छ भन्नु भयो, उक्त सभामा केन्द्रिय दायक परिषदका अध्यक्ष श्री बखत बहादुर चित्रकारले पञ्चशीलको आचरणमा व्यवहारिक पक्ष माथि प्रकाश पार्नुभयो भने श्री नारायण बहादुर गुरूङ्गले सुख र शान्तिको निम्ति धर्म चित्त उत्पत्ति गर्नु पर्ने कुराको चर्चा गर्नुभयो त्यसरी नै उद्घोषक श्री परशुराम गुरूङ्गले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

पुण्यानुमोदन पछि सभा विसर्जन भयो ।

## नमो बुद्धमा बुद्ध पूजा-धर्मदेशना

२०५८ माघ २० गते ।

संघाराम विहार, ढल्कोको आयोजनामा भिक्षु संघरक्षित र धर्मरक्षिता गुरुमाँको सहभागितामा पवित्र बौद्ध तीर्थस्थल नमोबुद्धमा लगभग ७० जवान उपासक उपासिकाहरूको उपस्थितिमा बुद्धपूजा-धर्मदेशना कार्यक्रम सुसम्पन्न गरिएको समाचार छ ।

भिक्षु संघरक्षितबाट शील प्रार्थना गराइएको उक्त समारोहमा बुद्धपूजा र धर्मदेशना गर्नुहुँदै भिक्षु संघरक्षितले नमोबुद्धको महत्त्व उल्लेख गर्नुहुँदै भन्नुभयो– "तत्कालिन पनौतीका राज्यका तीन राजकुमारहरू मध्ये कान्छा राजकुमार महासत्त्वले भोका, कमजोर एवं मरणासन्न अवस्थामा पुगेका बघिनी र तिनका ५ वटा डमरूहरूको प्राण रक्षार्थ आफ्नै मासु काटी खुवाउनु भएको र अन्त्यमा यसरी नै दान गरी प्राण त्याग गर्नुभएकोले यस पवित्र पुण्य क्षेत्रको महत्त्व धेरै छ ।"

कार्यक्रम आयोजक शारदा तुलाधर, पञ्चकुमारी नकर्मी, मीना मानन्धर, प्रकाश आदिको सहभागीतामा प्रेमबहादुर तामाङ्गको सक्रियतामा तयार पारिएको उक्त कार्यक्रममा जलपान तथा भोजनको व्यवस्था पनि गरिएको थियो । स्मरणीय छ, सो टोली नमोबुद्ध क्षेत्रको भ्रमण, अवलोकन पश्चात बनेपाको चण्डेश्वरी र नालाको करूणामय मन्दिर क्षेत्रमा पनि भ्रमण गरी फर्केका थिए ।

## थेरवाद विषयमा अर्न्तकृया कार्यक्रम

२०५८ माघ २५ गते ।

स्थान- धर्मचक्र विहार, बागबजार ।

थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आह्वानमा थेरवाद शासनलाई के कसरी सुदृढ र चीर स्थायी बनाउने भन्ने विषयमा अन्तक्रिया कार्यक्रम सम्पन्न भएको समाचार छ । बौद्ध महिला संघ, युवा बौद्ध समूह र युवा बौद्ध संघको तर्फबाट विभिन्न प्रतिनिधिहरूले भाग लिनु भएको उक्त कार्यक्रममा बौद्ध महिला संघका तर्फबाट प्रतिनिधि नानीमैंया मानन्धरले थेरवाद भिक्षुहरूको जोश र जाँगरको कमी हुँदै गएको कुरा उल्लेख गर्नुभयो । युवा बौद्ध समूहका प्रतिनिधि शान्तरत्न शाक्यले हरेक व्यक्तिले पञ्चशील पालन गर्न अत्यावश्यक रहेको कुरा उल्लेख गर्नुभयो । यसरी नै उक्त समूहका अर्का प्रवक्ता हर्षमुनी शाक्यले जनजातीहरूमा थेरवाद शासन प्रति जाँगर बढ्दै गएको विषयमा उल्लेख गर्नुभयो । यसरी नै युवा बौद्ध संघका प्रतिनिधि अशोकमान शाक्यले थेरवाद शासन सुदृढ बनाउन नेपालमा स्थापित बौद्ध संस्थाहरूले ठोस भूमिका खेल्न नसकेको कुरा उल्लेख गर्नुभयो भने त्रिरत्न मानन्धरले थेरवादी शासनलाई सुदृढ गर्न परियत्ति शिक्षालाई निरन्तरता दिनुका साथै संचार माध्यमहरूको

पनि सहयोग लिनुपर्ने कुरा उल्लेख गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथी श्रद्धेय भिक्षु आनन्दले घरवार त्याग गरी मानिसले प्रव्रजित जीवन बिताउनु पनि एक ठूलो तपस्या हो । त्यसैले भिक्षु विनयलाई नबुझीकन आलोचना मात्र गर्न नमिल्ने कुरालाई उल्लेख गर्नुभयो । डा. सानुभाई डंगोलले थेरवादी शासनलाई सुदृढ र चिरस्थायी गर्न तत्काल र भविष्यमा गरी दुई चरणमा चालु गरिनुपर्ने कार्यक्रमहरू बारे मन्तव्य प्रकाश पार्नुभयो । थेरवाद बौद्ध दायक केन्द्रिय परिषदका अध्यक्ष बखतबहादुर चित्रकारको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा कार्यक्रम संचालक परिषदका उपाध्यक्ष कृष्णकुमार प्रजापतिले उद्घोषण गर्नुभएको थियो भने परिषदका महासचिव विष्णुरत्न शाक्यले स्वागत भाषण गर्नुभएको थियो । उक्त कार्यक्रममा लोकबहादुर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## श्रामणेर ध्यानरत्न

२०५८ माघ ३० गते । स्थान- ध्यानकुटी विहार, बनेपा ।

विराटनगर निवासी संदीप कार्की ३० वर्षको उमेरमा भिक्षु अश्वघोष महास्थविरको उपाध्यायत्त्वमा (अभिभावकत्त्वमा) ध्यानरत्न श्रामणेर हुनुभएको समाचार छ ।

स्वीट्जरलैण्डमा होटल अरेञ्जमेण्ट विषयमा डिप्लोमा उत्तीर्ण गर्नुभएको कार्कीले अमेरीकामा ग्रेजुयट पनि गर्नुभएको कुरा बुझिन आएको छ । अविवाहित संदीप कार्कीले विरक्त भावना जगाउनु भई विपश्यना ध्यान केन्द्र धर्मश्रृङ्ग बुढानिलकण्ठमा ५ महिनासम्म विपश्यना ध्यान भावनाको अभ्यास पनि गरिसक्नु भएको कुरा थाहा हुन आएको छ ।

## लसता मुनेगु ज्याङ्वः

२०५८ माघ १३ गते ।

थाय् - नगर मण्डप श्रीकीर्ति विहार
कीर्तिपुर ।

दीपंकर परियत्ति केन्द्र, शाक्यसिंह परियत्ति केन्द्र व यशोधरा परियत्ति केन्द्र आदि यलया स्वंगू बौद्ध परियत्ति केन्द्रया संयुक्त नि:शुल्क लसतां मुनेगु ज्याङ्वः क्वचा:गु समाचार दु । साहु ज्ञानज्योती कंसा:या लसतां बौद्ध उपासक हेराकाजी सुइका:या कुतलं व दीपंकर परियत्तिया ग्वसालय् सम्पन्न जूगु उगु ज्याङ्वःस परियत्ति ब्वनीपिं विद्यार्थीपिं व शिक्षक शिक्षिकापिं याना: मुक्कं २०० म्ह मनूतय्‌गु सहभागी जूगु खँ सीदु ।

उगु ज्याङ्वःले स्वंगुलिं परियत्ति केन्द्रं थथ:गु केन्द्रया प्रगति प्रतिवेदन न्ह्यब्व:गु ख:सा स्वंगू केन्द्रया दथुई बौद्ध न्ह्यस: लिस: कासा नं जूगु ख: । श्रद्धेय भिक्षु सुदर्शन महास्थविरं पञ्चशील प्रार्थना याका बिज्या:गु उगु ज्याङ्वः सुश्री अमीता धाख्वा:नं न्ह्याकादीगु ख: ।

स्वंगू केन्द्रया दथुई जूगु बौद्ध न्ह्यस: लिस: कासाय् शाक्यसिंह परियत्ति प्रथम, दीपंकर परियत्ति द्वितीय व यशोधरा परियत्ति तृतीय जूगु ख: । थुगु न्ह्यस: लिस: काशाया न्यनामि भाजु देवेन्द्र वज्राचार्य ख: । कासाय् त्या:पिं स्वंगुलिं केन्द्रया शिक्षक शिक्षिकापिन्त गुरुमांपिं माधवी व ञाणशीलां पुरस्कार वितरण याना बिज्यातसा हेराकाजी सुइका:नं धन्यवाद ज्ञापन यानादिल । अन्तय् पुण्यानुमोदन लिपा ज्याङ्वः क्वचाल ।

## धर्मकीर्ति पत्रिकाको विशेष सूचना

**सम्पूर्ण पाठकहरूमा यो सूचित गर्दछौं कि; लेख-रचनाहरू 'धर्मकीर्ति' पत्रिकामा प्रकाशनार्थ गर्नको लागि पठाउँदा कृपया सफा अक्षरले अथवा टाइप गरेर पेजको एकतर्फी मात्र लेखी पठाउनु हुन विनम्र अनुरोध गर्दछौं ।**

*- सम्पादक ।*



Downloaded from http://www.dhamma.digital

### ज्ञान गुण सयेकेगु देशना

घ्य: चाकु संन्हू । थाय् : यल

लाय्कू स्थित विश्वमैत्री विहारे भिक्षु अश्वघोष महास्थविर पाखें पंचशील प्रार्थनायाका नापं बुद्ध पूजा लिपा, सफल कथं जीवन हनेत ग्वहालि यायेमागु, सन्तुष्ट जुइमागु, पुण्यकर्म यायेमागु, दु:खं मुक्त जुइगु ज्या यायेमागु विषयले ध्वाथुइक देशना याना बिज्यासे सुधारया इवले अकुशल ज्याखँयात कुंख्यने मा:गु खँ कना बिज्यात । मयुजु दिल शोभा शाक्यं अनित्य दु:ख अनात्माया खँ कुलादिसे यावत श्रोत, साधन, जीवन निरन्तर परिवर्तन जुयाच्वनी धयादिल ।

भाजु भाइलाल महर्जनं लसकुस यानादीगु सभाय् सान्तमान शाक्यं शुभाय् देछाना दिल । थुगु सभा भाजु लोक बहादुर शाक्यं संचालन यानादिगु ख: ।

### नियमित बुद्धपूजा

२०५८ माघ २३ गते । थाय्- सुवर्ण छत्रपुर विहार, यल ।

सुवर्ण छत्रपुर विहारया ग्वसाले न्हिच्छियंकं थी थी ज्याझ्रो व नियमित बुद्धपूजा ज्याझ्व कवचाय्कूगु समाचार दु । उगु ज्याझ्व: कथं न्हापां ज्ञानमाला भजन व सकल उपासकोपासिकापिन्त जलपान ज्याझ्व: सम्पन्न जुल । विहारया संस्थापक अध्यक्ष दिवंगत भाजु लोक महर्जनया छैंया दुज:पिंसं थ:बौया पुण्य स्मृतिस उगु जलपान याकूगु ख: ।

उगु ज्याझ्वले श्रद्धेय भिक्षु बोधिज्ञान पाखें शील प्रार्थना याका: बुद्ध पूजा न्ह्याका बिज्यात सा श्रामणेर नायकजुं पञ्चशीलया महत्त्व न्ह्यब्वसे धर्मदेशना यानाविज्यात्त ।

धर्मदेशना क्वचाय्का: दिवंगत भाजु लोक महर्जनया पुण्य स्मृतिस भिक्षु संघ पाखें परित्राण पाठ, दान प्रदान व पुण्यानुमोदन ज्याझ्व सम्पन्न जुल । अनंलिपा भिक्षु संघ सहित सकल उपासकोपासिकापिन्त भोजन दान ज्याझ्व: सम्पन्न जुल ।

सुवर्ण छत्रपुर विहारया न्हूगु भवने, झ्या:, लुखा तय्गु ज्याझ्व:, थ्वहे वइगु २०५८ साल फागुण महिना निसें शुरू ज्वीगु दु । थुगु ज्याय् भाजु ज्ञान ज्योति कंसाकार पाखें ४०,०००/– दां गुहाली यानादीगु व यलया मेयर भाजु बुद्धिराज बज्राचार्य पाखें सिमेन्ट ५० बोरा सहयोग यानादिगु खँ सीदु । बाँकी दुगु मेगु ज्याय् विहारया सकल परिवार पाखें गुहाली याईगु जुल ।

### उपोसथागार भवन शिलान्यास तथा स्व. रत्नज्योति महास्थविर स्मृति ग्रन्थ विमोचन

२०५८ फागुण ३ गते । स्थान - मुनि विहार, भक्तपुर ।

उपोसथागार भवन निर्माण समिति भक्तपुर इनाचोको आयोजनामा आयोजित एक समारोहमा उपोसथागार भवन शिलान्यास गरी स्वर्गिय रत्नज्योति महास्थविर स्मृति ग्रन्थ विमोचन सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

### श्रीकीर्ति विहारे ज्या:जंकु धुंकूपिंत क्षीर-भोजन

नगर मण्डप श्रीकीर्ति विहारे वंगु थिंलागा: औंसीखुनु नगां, क्यपू व पांगाया ज्या:जंकु धुंकूपिं स्वस:ति आजु अजिपिंत क्षीर-भोजन याकेगु ज्या जुल । सुथे ज्या:जंकु सिध:पिं सकल आजु अजिपिनि भिं उसाँय् व ता:आयूया मनं तुना बुद्धपूजा जुल । थुगु ज्याया आयोजना भिक्षु कीर्तिज्योतिं थ: मदुम्ह अबु हनुमं कांछा (रत्नबहादुर) या पूण्य स्मृतिस या:गु ख: । थ्वजागु कार्यक्रम क्यपू विहारे स्वकोगु बार जूगु ख: । निदंति न्ह्यो भिक्षु सुदर्शन महास्थविरया मिखाया लेजर आइज सर्जरिं लिपा मिखाया ल्वय् ला:गु लसताय् न्हापांगु बार, अले थगुने धनलाल उपासक (नगां, थौंकन्हे नयाँ बजार) या श्रद्धां निकोग् बार व थपाले ज्या: जंकू धुंकूपिं आजु अजिपिंत क्षीर-भोजन याकूगु ख: ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी वार्षिक भेलाया सूचं

**थ्वहे वइगु चैत्र ३ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया 'वार्षिक भेला' जुइगु जूगुलिं सकल दुज:पिंसं इलय् हे नां दुतिनादीत इनाप याना ।**

दिं - २०५८ चैत्र ३ गते, शनिवा:

थाय् - धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धराद्वं, यें ।

नां दुतिनेगु - २०५८ फागुण ३० तक

नां दुतिनेगु थाय् - धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ज्याकू

*माघ ३० गतेको गोरखा पत्रमा छापिएको समाचार धर्मकीर्तिको यस अङ्कमा यथावत राखिदिएका छौं। - सम्पादक*

# थाइल्यान्डमा पहिलोपटक महिलालाई भिक्षुणीका रूपमा स्वीकार

बैंकक, माघ २९ गते । थाइल्यान्डमा पहिलोपटक एक महिलालाई भिक्षुका (भिक्षुणीका) रूपमा स्वीकार गरिएको छ र यसलाई थाइल्यान्डको धार्मिक इतिहासमा नयाँ चरणका रूपमा लिइएको छ ।

थाइल्यान्डको राजधानी बैंकक्को पश्चिमी भागमा अवस्थित निखोम पथोम क्षेत्रमा ५६ वर्षीय यी महिला भारान्गाहाना भानाभिचायानलाई भिक्षुका (भिक्षुणीका) रूपमा स्वीकार गरिएको छ । यी महिलाका दुई सन्तान छन् र उनले पतिसँग सम्बन्धविच्छेद गरेकी छन् ।

समारोहमा श्रीलङ्का, तिब्बत, इन्डोनेसिया तथा ताइवानबाट महिला भिक्षुहरूको सहभागिता थियो । साथै थाइल्यान्डका बौद्ध धर्मगुरुहरूको पनि यस समारोहमा उपस्थिति थियो ।

"मलाई थाहा छ यस कार्यको विरोध हुनेछ । तर म यस विरोधका निमित्त पनि तयार छु । मलाई थाहा छ मैले राम्रो काम गरिरहेको छु", भानाभिचायान भन्नुहुन्छ ।

थाइल्यान्डाका पूर्व सचिव तथा व्यापार प्रशासनमा स्नातकोपाधि हासिल गर्नुभएका भानाभिचायान गत नौ वर्ष सेतो पहिरनमा भिक्षुणीका रूपमा रहनुभएको थियो । अब उहाँलाई औपचारिकरूपमा भिक्षुणीको दर्जा दिन अझै उहाँले दुई वर्ष यस्तै भिक्षुमय जीवन बिताउनुपर्छ । उहाँ हाल थाइल्यान्डमा बौद्ध धर्म अनुसार थाराभादा सम्प्रदायमा रहनुभएको छ । अब उहाँको नाम धम्मरक्खिता भएको छ ।

"मैले जीवनको समयलाई धर्मको प्रयोजनका लागि बिताउने निर्णय गरेकोले मैले सामान्य पारिवारिक जीवन परित्याग गरेको छु ।" उहाँ भन्नुहुन्छ ।

थाइल्यान्डमा हालसम्म केवल पुरुषले भिक्षुको स्थान हासिल गर्न सक्थे । महिला अनुयायीहरूले केवल तल्लोस्तरको भिक्षुणीको भूमिका निभाउनुपर्थ्यो । महिलाको त्यस्तो पदलाई थाइल्यान्डमा 'माएची' भनिन्छ । यस्ता धेरै महिलाले आफूलाई पर्याप्त आदर तथा सम्मान प्राप्त नभएको गुनासो गरेका छन् ।

थाइल्यान्डमा पहिलो भए पनि धम्मरक्खिता पद प्राप्त गर्ने उहाँ पहिलो महिला भने हुनुहुन्न । विश्वविद्यालयका प्राध्यापक डा. कविसिंघे चात्सुमान तथा माए ची चामनियन दुवैलाई श्रीलङ्कामा यस्तो पद दिइएको थियो ।

श्रीलङ्काका यस्तो परम्परालाई सन् १९९८ मा पुनर्स्थापना गरिएको जानकारी दिइएको छ । वास्तवमा यस विषयमा निकै विरोधको सामना गर्नुपरेको जानकारी श्रीलङ्काका भिक्षुणी सुद्ध सुमनाले बैंकक पोस्टलाई बताउनुभयो ।

धम्मरखिताले अझै पनि आफ्नो जीवन सामान्य व्यक्तिको जस्तै भएको र अब आफूले बौद्धधर्ममा आफ्नो जीवन समर्पण गर्नसक्ने जानकारी दिनुभयो ।

उहाँ बौद्धधर्मलाई एक घरका रूपमा लिनुहुन्छ र भिक्षु, महिला तथा पुरुष समर्थक यसका तीन खम्बा भएको ठान्नुहुन्छ ।

"महिला भिक्षुत्वले हराएको खम्बा उपलब्ध गराउनुसक्छ", धम्मरखिताको भनाई छ ।

थाइल्यान्डमा बौद्धधर्म मुख्य धर्मको रूपमा रहेपनि हालका दिनमा यसका प्रमुख धर्मगुरुहरू विभिन्न काण्डमा परेको देखिएको छ । केहीले आपराधिक समूह सञ्चालन गरेको, केहीको निकै विलासी गाडी भएको, केहीले युवतीसँग प्रेम सम्बन्ध स्थापना गरेको र केहीले वेश्यागमन गर्ने गरेको पनि देखिएको छ ।

वास्तवमै भन्ने हो भने हत्या, बलात्कार तथा लागुपदार्थका मुद्दामा संलग्न भिक्षुहरू हाल थाइल्यान्डमा यो धर्मप्रति विश्वास कम गराउन प्रमुख तत्व भएका छन् । एएफपी

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं । फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital